| S.N. | Position | Level | No. | Time | Quali. |
|---|---|---|---|---|---|
| 1. | Grade Teacher | Pre-Primary | 2 | Full Timer | B.A./B.Ed. or Running |
| 2. | Science/ English | Primary/ L.Sec. | 3 | Full Timer | B.A./B.Ed. or Running |
| 3. | Health/ Computer/LC | Primary/ L.Sec. | 3 | Full Timer | B.A./B.Ed. or Running |
| 4. | Nurse | ****** | 1 | Part Time | PCL Nursing |
| 5. | आया दिदी | ****** | 2 | Full Timer | सामान्य लेखपढ |

**Teachers Wanted**

Experienced & dedicated teachers are encouraged to apply Self-handwritten application within 25 Chaitra -2082
(Starting Salary : 1.Pre/Primary: Rs.: 15000/-20000/- 2. L.Sec: Rs.: 20000/-25000/-)

**Sacred Heart Academy**
Suryavinayak, (Gapali)-4, Bkt 016615772/015902764/ 9841432048 sacredheartacademy73@ gmail.com



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ६९ ★ ने. सं. ११४६ चौला थ्व, पूर्णिमा ★ बिहीबार ★ १९ चैत, २०८२ ★ April 2, 2026, Thursday ★ मूल्य रु.५।– ★ पृष्ठ ८




इरानको राजधानी तेहरानमा युद्धको क्रममा वीरगति प्राप्त गरेका इस्लामिक रिभल्युसनरी गार्ड कोर्प्स जलसेनाका प्रमुख रहेका रियर एडमिरल अलिरेजा ताङसिरीको अन्त्येष्टि र सहभागी शोकसन्तप्त इरानी जनता अप्रिल १, २०२६ बुधबारका दिन । इरानले आफ्ना सर्वोच्च नेता र उच्च अधिकारीहरूको हत्याको बदला अमेरिका र इजरायलसित लिने प्रतिज्ञा दोहोऱ्याएको छ । *तस्बिर : एपी/वाहिद सलेमी*

## एसईई शान्तिपूर्ण र मर्यादित ढङ्गले सफल होस्

काठमाडौँ, १८ चैत । आज बिहीबारदेखि एसईई परीक्षा सुरू हुँदै छ । एसईई परीक्षा सहज, शान्तिपूर्ण र मर्यादित ढङ्गले सम्पन्न हुने विश्वास गरिएको छ । एसईई परीक्षा अवधिभर कुनै पनि बहानामा हडताल, बन्द र जाम नगर्नु जाती हुनेछ । लाखौँ विद्यार्थी सामेल भएको यो परीक्षाको बेला कुनै राजनीतिक दल या समूहले हडताल, बन्द, जाम र आन्दोलन गर्दा विद्यार्थीमा मानसिक तनाव बढेर परीक्षा बिग्रिन सक्छ; परीक्षा बिग्रेर या परीक्षा केन्द्रमा समयमै नपुगेर मानसिक तनाव हुन्छ । परीक्षा हलमा समयमै नपुगेर या त्यस्तै अन्य तनाबले अनुत्तीर्ण भयो भने उसको मेहनत खेर जान्छ ।

परीक्षा केन्द्रमा विद्यार्थीको परीक्षा शान्त वातावरणमा मर्यादित र अनुशासित तरीकाले सम्पन्न हुनुपर्छ । परीक्षामा नक्कली विद्यार्थी छिरेर परीक्षा दिएको विगतको इतिहास छ । परीक्षा केन्द्रका निरीक्षक (शिक्षक) हरू नै चिटिङ गर्न अभ्यस्त भएको कारण कारबाहीमा परेको विगतको गल्ती अब दोहोऱ्याउनु हुँदन । प्रश्नपत्र आउट गर्ने, आउट भएको हल्ला फैलाएर विद्यार्थीमा थप तनाब बढाउने, चिटिङ गर्ने, चिटिङकै कारण हो-हल्ला हुने वातावरण कक्षा हलमा तयार गर्नुहुँदैन । चिटिङ गर्ला भन्ने आशङ्कामा महिला विद्यार्थीलाई दुर्व्यवहार गर्ने काम कुनै पनि प्रहरी या व्यक्तिबाट गर्न नहुने कुरा विगतको परीक्षामा भएको विद्यार्थीहरूको आन्दोलन र आक्रोशबाट शिक्षा लिनुपर्छ ।

चोरी चकारी गरेर उत्कृष्ट हुने सोच हरेक परीक्षार्थीले छोड्नुपर्छ । अध्ययन गरेर, पढेरै या सिकेरै उत्तीर्ण हुने विद्यार्थीहरू पछिसम्म या कलेज जीवनमा पनि राम्रा हुन्छन् । उनीहरूको भविष्य जीवन सुनिश्चित हुन्छ । चोरेर उत्तीर्ण हुने विद्यार्थीहरूको एसईईमा राम्रो नतिजा आए पनि कलेज जीवनमा धोका खाएको या अनुत्तीर्ण भएका धेरै दृष्टान्तहरू नभएका होइनन् । शिक्षक र अभिभावकले पनि आफ्ना विद्यार्थी र सन्तानलाई चोरेर होइन पढेरै उत्तीर्ण गर्नुपर्छ भन्ने ज्ञान दिनुपर्छ । राम्ररी पढेर उत्कृष्ट नतिजा पाएका विद्यार्थीहरू जहाँ पनि सफल हुन्छन् । उनीहरूबाटै देशका निम्ति आवश्यक दक्ष जनशक्ति प्राप्त हुन्छ र यसले देश विकासमा टेवा पुऱ्याउँछ ।

एसईई परीक्षा अवधिभर सबै परीक्षा केन्द्रमा कुनै किसिमको अवरोध नहोस् । हरेक परीक्षा शान्तिपूर्ण र मर्यादित ढङ्गले सफल होस् । कुनै पनि परीक्षा केन्द्रमा चिटिङ गरेको, चिटिङको कारण कुनै परीक्षार्थी, निरीक्षक कारबाहीमा नपरुन् । विगतमा भन्दा यो वर्षको परीक्षाको नतिजा राम्रो होस् । सबै परीक्षार्थीहरूको परीक्षा सफल होस् ।

## नैतिकता स्वयम् एक ठूलो मानसिक बल हो

१३ चैत २०८२ को दिन 'नयाँ पत्रिका' को पहिलो पृष्ठको मुख्य समाचारको शीर्षक थियो - "सिंहदरबारमा आज बालेनको 'इन्ट्री'" । 'राष्ट्रपति भवन शीतल निवासमा दिउँसो १२:३४ मा प्रधानमन्त्रीको शपथ लिएपछि बालेनले २:१५ बजे सिंहदरबारमा पद बहाली गर्ने...।'

आश्चर्यको विषय हो- नेपाली भाषामा 'बहाली' गर्ने शब्द छँदाछँदै 'इन्ट्री' शब्दको आवश्यकता किन भयो होला ? अनुमान गर्न सक्ने विषयमा निश्चित देशका मित्रहरूलाई 'इन्ट्री' शब्दले नै बढी अर्थ बुझाउने होला ! केही वर्षदेखि विभिन्न समाचारपत्रहरूले महत्त्वपूर्ण शीर्षकहरूमा विदेशी शब्दहरूको प्रयोगको अर्थ के विदेशी शब्द प्रयोग गर्न जानेनौँ भने हामी 'अशिक्षित हुने' वा 'हामी असभ्य' को सूचीमा दर्ज हुने भयौँ भन्ने हो ?

१४ चैत २०८२ का 'कान्तिपुर' ले अग्रभागमै लेख्यो - "बालेन्द्र सरकार, बलियो जनादेश, बृहत् जनअपेक्षा" । मुख्य शीर्षककै पृष्ठमा सुशासन कायम, भ्रष्टाचार नियन्त्रण सरकारी सेवा चुस्त, आर्थिक वृद्धि र रोजगारीको सिर्जना गर्ने सरकारको मुख्य जिम्मेदारी ...।

यी विषयलाई हेर्दा अमूर्त कलाजस्तै जनताले लिने निश्चित छ । अत्यन्त बहुमत जनतालाई स्पष्ट, सरल भाषा र निश्चित शब्दबाट सम्बोधन भएन भने हिजोको सरकार र वर्तमान सरकारबारे भन्ने छन् - मानिसहरू नयाँ हुन् तर काम कुरोमा कुनै भिन्नता नदेखिएला जस्तो छ !

१५ चैत २०८२ कै 'कान्तिपुर' ले लेख्यो - "रास्वपाले घोषणा गरेको ७ प्रतिशतको आर्थिक वृद्धि र प्रतिव्यक्ति आय ३ हजार डलर कसरी पुऱ्याउला ?"

२०४८ लाई मात्र नयाँ संविधान र जननिर्वाचित सरकार मान्ने हो भने पनि निर्दलीय पञ्चायत व्यवस्थापछि ३५ वर्ष पश्चिमी शैलीको प्रजातान्त्रिक वा वेस्ट मिनिस्टर बन्दोबस्त चालू छ । नयाँ संविधान र गणतन्त्रपछिका सबै 'जस' र 'अपजस' यही पश्चिमी प्रजातान्त्रिक व्यवस्थालाई गएको मानिन्छ । व्यक्तिहरू फेरिँदैमा व्यवस्था फेरिएको मानिँदैन ।

राजनीतिक सिद्धान्त र नीतिको दृष्टिले ३४ वर्षमा नेपाली राजनैतिक दबुलीमा 'दल बदल' का अनेक काण्डहरू देशले बेहोऱ्यो । यो एक गम्भीर नैतिक प्रश्न हो । समाज र देश धर्म, कला र संस्कृति, विश्वास र सुखद भविष्यको विश्वासमा अगाडि बढेको हुन्छ । देशभक्ति समाजप्रति जिम्मेवारी ऐन-कानुन र समाजमा देखिने पूजा-पाठ, करुणा र कर्तव्यबोध समाजको निर्माण सँगसँगै हुन्छ । त्यसको आधारमा राज्यका ऐन-कानुनको निर्माण हुन्छ । यदि नैतिकताको भावना धर्म र पापको भेद नेपाली संस्कृतिको छाता नभएको भए समाज विश्रृङ्खलित, अराजक, चोरी, डकैती, हत्या र हिंसा, बेइमानी, व्यक्तिगत हितको निम्ति देश र जनताप्रतिको कर्तव्यको भावनाको अभावमा पुनः समाज असभ्य युगको खाल्डोमा खस्ने थियो ।

तर, वर्तमान सरकारको रास्वपा र सरकारका सदस्यहरूमा समाज र संस्कृतिको आँखामा चोर औंला ठड्याउने पक्षबारे आलोचनात्मक दृष्टि नराख्दा हिजोका सरकारहरूजस्तै यो सरकार र प्रस्तुत नीतिहरू सबै कागजको खोस्टाजस्तै साबित हुनेछन् । प्रश्न उठ्छ - किन र कसरी ?

हिजोका सरकारहरू पनि निश्चित कार्यक्रम र घोषणापत्रलाई झन्डाको रूपमा जनतालाई विश्वास दिलाएर सत्तामा पुगेका थिए तर निर्वाचनको शैली पनि हिजोको जस्तै सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन र निर्वाचन आयोगबाटै भएका हुन् । शासक राजनैतिक दलहरूले पनि धनाढ्य, समृद्ध, सम्पन्न परिवार र व्यापारीहरूकै चन्दाबाट निर्वाचनमा पुगेका थिए । त्यसबेला पनि ठेकेदार (निर्माण व्यवसायी), म्यानपावर कम्पनीका मालिकहरू, तस्कर एवं देश र विदेशी

***बाँकी पृष्ठ ८ मा***

## उपभोक्ता ठग्ने र भ्रमपूर्ण विज्ञापन गर्नेलाई कारबाही गर्ने वाणिज्य विभागको चेतावनी

काठमाडौँ, १८ चैत । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजारमा हुने अवाञ्छित व्यापारिक क्रियाकलाप रोक्न र उपभोक्ताको मौलिक हक सुनिश्चित गर्न कडा निर्देशन जारी गरेको छ ।

विभागले एक सूचना सार्वजनिक गर्दै वस्तुको मूल्य, गुणस्तर र पारदर्शिताका सम्बन्धमा रहेका कानुनी प्रावधानहरूको कडाइका साथ पालना गर्न सरोकारवालाहरूलाई सचेत गराएको हो ।

नेपालको संविधानको धारा ४४ ले प्रत्याभूत गरेको उपभोक्ताको मौलिक हकलाई मध्यनजर गर्दै विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ को पूर्ण कार्यान्वयनमा जोड दिएको छ । सूचनामा उल्लेख भएअनुसार अब बजारमा बिक्री गरिने जुनसुकै वस्तुको अधिकतम खुद्रा बिक्री मूल्य तोक्दा सबै प्रकारका करहरू समावेश गरिएको हुनुपर्ने अनिवार्य व्यवस्था छ ।

विभागले वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट लुकाएर, ढाँटेर वा झुक्याएर बिक्री गर्न नपाइने स्पष्ट पारेको छ । यसैगरी उपभोक्तालाई भ्रममा पार्ने गरी झूटो वा भ्रमपूर्ण विज्ञापन गर्न र कमसल, न्यूनस्तरको वा नक्कली वस्तुको बिक्री वितरण गर्न पनि पूर्णतः प्रतिबन्ध लगाइएको छ ।

ऐनको दफा ११ र १२ बमोजिम जुनसुकै वस्तु वा सेवाको बिक्री गरेपछि बिक्रेता वा सेवा प्रदायकले अनिवार्य रूपमा बिल वा रसिद उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । विभागले वस्तु वा सेवा उत्पादन गर्नेदेखि पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेता सबैलाई आफूले खरिद गरेका वस्तुको बिल वा बीजक कारोबार स्थलमै अनिवार्य रूपमा राख्न निर्देशन दिएको छ । उपभोक्ताहरूलाई पनि आफूले उपभोग गरेको वस्तु वा सेवाको बिल अनिवार्य रूपमा लिन आग्रह गरिएको छ ।

विभागले सूचनाको बेवास्ता गरी वा अटेर गरी अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलापमा संलग्न भएको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिएको छ । बजारलाई सहज, पारदर्शी र न्यायोचित बनाउन सबै पक्षलाई जिम्मेवार बन्न विभागले आह्वान गरेको छ ।

**व्यङ्ग्यचित्र कुनो**





**मनमैजु जात्रा - लिङ्गो ठड्याउँदै**
काठमाडौँको तारकेश्वर नगरपालिका-९ स्थित मनमैजुमा बुधबार मनमैजु जात्राका लागि लिङ्गो ठड्याउँदै स्थानीयवासी । मनमैजु जात्रा पाँच दिनसम्म चल्नेछ ।
*तस्बिर : हरिराम भेटुवाल/रासस*

# महाकाली सिँचाइ आयोजना नियमित पानी ल्याउन नसक्दा सिँचाइमा समस्या

महेन्द्रनगर, १८ चैत । कञ्चनपुरको एकमात्र राष्ट्रिय गौरवको महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत मूल नहर निर्माण तीव्र गतिमा भइरहे पनि नहरमा पानी नियमित प्रवाह गराउने विषय भने अन्योलमा छ ।

महाकाली सन्धिअनुसार भारतीय पक्षले टनकपुरबाट नेपाल-भारत सिमानासम्म बनाउनुपर्ने एक हजार २०० मिटर मूल नहर निर्माण गरिसकेको छ भने नेपालले आफ्नो क्षेत्र ब्रह्मदेवबाट शुक्लाफाँटाको टोटी फुलेलीसम्म २८ किलोमिटर मूल नहर निर्माण गरिसकेको महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सूचना अधिकारी इन्जिनियर यादव बरालले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मूल नहर २८ किलोमिटर निर्माण भएर सो क्षेत्रमा शाखा नहर पनि निर्माणाधीन अवस्थामा छ । महाकाली नदीबाट भारतले परीक्षणका लागि मूल नहरमा पानी छोडे पनि नियमित छोडेको छैन ।" उहाँले हालको अवस्थामा भारतीय पक्षसँग सहमति गरी पानी नियमित प्रवाह गराउन सके यहाँ पाँच हजार हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुग्ने जानकारी दिनुभयो ।

सिँचाइ आयोजनाले तीनपटक जलस्रोत तथा सिँचाइ विभागमा पानी ल्याउने विषयमा भारतसँग समन्वय गर्न पत्राचार गरिसकेको सूचना अधिकारी बरालले बताउनुभयो । बरालले भन्नुभयो, "हामीले मूल नहरमा पानी महाकालीबाट ल्याउन सकारात्मक पहल गरिदिन माथिल्लो निकायमा भन्दै आएका छौँ । तर, नेपाल-भारत सिँचाइमन्त्रीस्तरसम्म यो विषय अझै पुगेको छैन ।"

यसअघि तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले भारतीय पक्षसँग उक्त विषयमा अनौपचारिक छलफल गर्नुभएको सूचना अधिकारी बरालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भारतमा सिँचाइ मन्त्रीस्तरमा यो विषय पुर्याएर नहरमा नियमित पानी बगाइसक्नुपर्ने हो । ठोस पहल नहुँदा अर्बौं लगानीमा बनेको मूल नहर काठ, घाँसलगायत वनजङ्गलले पुरिँदैछ ।"

कैलालीको मालाखेतीसम्म ३३ हजार ५२० हेक्टर जग्गा सिँचाइ गर्ने लक्ष्यसहित १८ वर्षअघि सुरु भएको महाकाली सिँचाइ आयोजनाको प्रगति भइरहे पनि पानी ल्याउन प्रभावकारी पहल हुन नसकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "अहिले मूल नहरअन्तर्गत २८ देखि ४८ किलोमिटरसम्म चार चरणमा निर्माण भइरहेको छ । चारवटा चरणमा हालसम्म करिब गरेर ६० प्रतिशत भौतिक प्रगति भइसकेको छ ।"

मूल नहर निर्माणअन्तर्गत जग्गा अधिग्रहण, ऐलानी र सुकुम्बासी जग्गाको विवादका साथै केही स्थानमा रुख कटानको समस्या रहेको बरालले बताउनुभयो । उहाँले भन्नुभयो, "यो वर्ष मुआब्जासहित आयोजनाको बजेट रु. दुई अर्ब रहेको छ । मुआब्जा वितरण हुन नसक्दा केही रकम खर्च हुनसक्ने अवस्था छैन भने काम पनि प्रभावित बन्दै गएको छ ।"

विसं २०८७ सम्ममा कैलालीको मालाखेतीसम्म नहर निर्माण सक्ने सरकारको लक्ष्य छ । साथै आयोजनामा रु. नौ अर्ब लगानी भइसकेको छ । टनकपुरमा हेड रेगुलेटरसँगै भारतीय पक्षमा ढिला गरी एक हजार २०० मिटर मूल नहर बनेपछि नेपालतर्फ केही समय परीक्षण र असार १५ गते धान दिवसमा पानी छाडिएको थियो ।

कञ्चनपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिनेश मल्लले सिँचाइ तेस्रो चरणअन्तर्गत मूल नहरमा पानी ल्याएर किसानलाई सिँचाइ सुविधा पुर्याउन सरकारी संयन्त्रबाट सकारात्मक पहल हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "अर्बौंको लगानीमा नहर खन्ने तर महाकालीबाट पानी ल्याउन छिमेकी राष्ट्रसँग कूटनीतिक पहल गर्न ढिलाइ गर्नुहुँदैन । हालै बनेको नयाँ सरकारले यो विषय टुङ्गोमा पुर्याउने र समस्या समाधान हुनेमा हामी आशावादी छौँ ।"

अध्यक्ष मल्लले कञ्चनपुरमा खासगरी राजमार्गभन्दा उत्तरतर्फ सिँचाइको समस्या बढी रहेकाले नहर पूर्ण भएसँगै उक्त समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सिँचाइ सुविधा पुगेर उत्पादनमा वृद्धि भए अर्थतन्त्रमा पनि बल पुग्छ । महाकाली सिँचाइ आयोजनामार्फत किसानलाई सिँचाइ सुविधा प्रदान गर्नेगरी सहज र प्रभावकारी वातावरण बन्नुपर्छ ।" ***रासस***

# हिउँदमा पनि रोकिएन कर्णाली नदी कटानको जोखिम

टीकापुर (कैलाली), १८ चैत । टीकापुर-५ स्थित टीकापुर बृहत उद्यान कर्णाली नदी कटानको जोखिममा रहेको छ । चैतमा पनि कर्णाली नदीले उद्यानको पिकनिकस्थलतिर तीव्र कटान भइरहेको छ ।

कर्णाली नदीले पानीको धार परिवर्तन गर्दा टीकापुर बृहत् उद्यान क्षेत्रमा नदी कटान तीव्र भइरहेको स्थानीयले बताएका छन् । स्थानीय सिंहराज बुढामगरले भन्नुभयो, "बर्खा लागेमा नदी उद्यान हुँदै बस्तीमा पस्ने जोखिम बढेकाले समयमै नियन्त्रणका लागि काम गर्नुपर्ने देखिएको छ । चैतमा यसरी कटान गरिरहेको नदीले बर्खा लागेमा बस्ती जोखिममा पार्छ । नदीले सिधैँ पार्क क्षेत्र कटान गरिरहेको छ । यही हिसाबले कटान भए बर्खामा पार्क हुँदै बस्ती सखाप हुन्छ ।"

पार्कको वनभोजस्थलदेखि पाँच सय मिटर उत्तरतर्फ कर्णाली नदीले बर्दियाको सिमानातर्फ ढुङ्गा, गिट्टी, बालुवा थुप्रिई टापुजस्तै बनाएको छ । नदीको बहाव टीकापुरतर्फ बगिरहेको र टीकापुरतर्फ नदीमा पक्की तटबन्धसमेत नभएकाले थुप्रेर रहेका ढुङ्गा, गिट्टी, बालुवा सफाइ नगरेमा यस वर्षको मनसुनमा टीकापुरतर्फ नदीले कटान गरी बस्तीमा नदी पस्ने उच्च जोखिम देखिएको प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले बताउनुभयो । धितालले भन्नुभयो, "पालिकाको आफ्नै स्रोत नभएकाले नदी सफाइ तथा पक्की तटबन्ध गर्न सक्ने अवस्था छैन । समस्या समाधान तथा बृहत उद्यान र बस्ती जोगाउनका लागि अहिले नै काम गर्नुपर्ने देखिन्छ । आवश्यक व्यवस्था गरिदिन माग गर्दै जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरी पठाएका छौँ ।"

नगरपालिका बर्सेनि कर्णाली नदी कटानको जोखिम झेल्दै आएको छ । कर्णालीमा रानी जमरा कुलरिया सिँचाइ आयोजनाले नदी नियन्त्रणका लागि विभिन्न ठाउँमा तटबन्ध निर्माण गरेको छ । सिँचाइले निर्माण गरेका तटबन्ध तारजालीका भएकाले यसको दिगोपनामा पनि समस्या देखिएको छ ।

टीकापुर नगरपालिका-८ का वडाध्यक्ष दीर्घबहादुर ठकुल्लाका अनुसार टीकापुरको वडा नं ५ पार्क क्षेत्र, वडा नं ७ मा सत्ती कर्णाली सामुदायिक वन क्षेत्रलगायत ठाउँ बर्सेनि कटान भइरहेका छन् । सिँचाइ आयोजनाले विगतमा गर्ने तारजालीको तटबन्ध दिगो नभएपछि अहिले ठुला ढुङ्गा (बिग बोल्डर) हाल्ने गरेको छ । तर, पछिल्ला दुई वर्षयता यहाँ लगानी छैन । नदी कटान बढ्दै गएको तर आयोजनाले लगानी गर्न छोड्दा नदी नियन्त्रण समस्या भइरहेको छ ।

सिँचाइ आयोजनाका सूचना अधिकारी रामकृष्ण घोरासैनीले विगतमा तारजालीबाट गरिने तटबन्ध दिगो नभएपछि अहिले तटबन्धको स्वरूप परिवर्तन गरिएको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "विगतमा कर्णाली नदीमा दर्जनौँ ठाउँमा तटबन्धको काम भएको छ । विश्व बैङ्कको सहयोग नभएपछि तेस्रो 'फेज' मा कर्णाली नदीमा खासै काम छैन, इन्टेकसहित तीन ठाउँमा तटबन्धको काम चलिरहेको छ । आयोजनासँग पनि बजेट कम छ । पुराना ठेक्का लागेका समयमै निर्माण व्यवसायीले काम नसकेका ठाउँमा निर्माण भइरहेको छ ।"

सिँचाइ आयोजनाले सिँचाइ विस्तारका लागि कर्णाली नदीको चिसापानीमा इन्टेक र मुख्य नहर निर्माण, फिडर नहर निर्माण, जलविद्युत् निर्माण, डिभिजन बक्स र आउटलेट सुधार कार्य, सिञ्चित क्षेत्र बचाउ तथा सुरक्षा, सामाजिक सुरक्षा र पर्यावरण संरक्षण, पानी व्यवस्थापन, नयाँ शाखा नहर निर्माणका क्षेत्रमा काम गरिसकेको छ ।

कैलालीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले नदी स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय भई आएमा जिल्ला विपद् व्यवस्थापन समितिमा छलफल गरी आवश्यकताअनुसार जनधनको क्षतिबाट बस्ती जोगाउन पहल हुने बताउनुभयो । उहाँले भन्नुभयो, "हामी सबै क्षेत्रसँग छलफल गरी उचित निकासका निर्णय गरेर पहल गर्छौं, विपद्बाट रोकथामका लागि सम्बन्धित निकायमा कार्यान्वयन गर्नेतिर पहल गर्छौं । कैलालीका नदीहरूमा अहिले भइरहेका तटबन्धको दिगोपनाका लागि पनि संवेदनशील हुन अनुरोध गरेका छौँ ।"

कर्णाली नदी कैलाली र बर्दियाको सीमामा भएकाले अन्तरजिल्ला समन्वय समितिबाट छलफल गरी आपसी समझदारीबाट विपद् व्यवस्थापनमा काम हुने प्रजिअ रेग्मीले बताउनुभयो । ***रासस***

# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान विस्तारको तयारी

भैरहवा (रूपन्देही), १८ चैत । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने लक्ष्यसहित उडान विस्तार र अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी आकर्षित गर्ने नयाँ रणनीति अघि सारिएको छ । विमानस्थल व्यवस्थापनले आगामी हिउँदे तालिकादेखि अन्तर्राष्ट्रिय उडान सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने तयारी थालिएको जनाएको हो ।

विमानस्थलका महाप्रबन्धक श्यामकिशोर साहका अनुसार हाल सीमित रूपमा सञ्चालन भइरहेको अन्तर्राष्ट्रिय उडानलाई व्यवस्थित गर्दै नियमितता दिन विशेष पहल भइरहेको छ । "हामी गर्मीयामको तालिकादेखि उडान सङ्ख्या बढाउने लक्ष्यसहित वायुसेवा कम्पनीहरूसँग समन्वय गरिरहेका छौँ," उहाँले रासससँग भन्नुभयो ।

हालसम्म थाई एयर एसियाको उडानमार्फत बौद्ध धर्मावलम्बीलाई लक्षित सेवा दिँदै आइएको थियो । पछिल्लो हिउँदे तालिकामा सातामा दुई दिन सञ्चालन गरिएको उक्त उडानलाई आगामी याममा थप विस्तार गर्ने तयारी भइरहेको विमानस्थल प्रशासनले जनाएको छ । लुम्बिनी-गयाजस्ता बौद्ध सर्किटलाई जोड्ने उडान विस्तारले धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

विमानस्थलको प्रभावकारी उपयोगका लागि 'फिफ्थ फ्रिडम' उडान अवधारणा अघि सारिएको विमानस्थलका महाप्रबन्धक साहले उल्लेख गर्नुभयो । यस व्यवस्थाअनुसार विदेशी वायुसेवा कम्पनीले भैरहवालाई ट्रान्जिट बिन्दु बनाउँदै तेस्रो मुलुकसम्म उडान सञ्चालन गर्न सक्नेछन् । उदाहरणका रूपमा कतार एयरवेजजस्ता वायुसेवाले दोहा-भैरहवा-तेस्रो देश र पुन: सोही मार्गमार्फत उडान सञ्चालन गर्न सक्ने सम्भावना रहेको उहाँले बताउनुभयो ।

यस सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणले आवश्यक नीतिगत तथा प्राविधिक तयारी अघि बढाइएको जनाएको छ । सरकारी तहबाट शीघ्र आवश्यक निर्णय हुने अपेक्षा रहेको महाप्रबन्धक साहले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले पनि कतार एयरवेजले कतारबाट नभई अन्य मुलुकबाट उडान गरिरहेको छ, हामीले कतार एयरवेजलाई भैरहवाबाट नै 'फिफ्थ फ्रिडम' अनुरूप उडान गर्नेगरी तयारी गरिरहेका छौँ । यस विषयमा शीघ्र मन्त्रिपरिषद्ले निर्णय गर्नेमा हामी विश्वस्त छौँ ।"

उडान सङ्ख्या वृद्धि गर्ने अर्को महत्त्वपूर्ण योजनाअन्तर्गत नेपाल वायुसेवा निगमको एउटा जहाज भैरहवामा 'बेस' राख्ने तयारी गरिएको विमानस्थलका महाप्रबन्धक साहले जानकारी दिनुभयो । यसले यहाँबाट अन्तर्राष्ट्रिय उडान सञ्चालनलाई नियमित र भरपर्दो बनाउन सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

हाल वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको आवागमन सहज बनाउन विभिन्न चार्टर उडान सञ्चालन भइरहेका छन् । कुवेत एयरवेजले कुवेत सिटी-भैरहवा उडानमार्फत नेपालीलाई स्वदेश ल्याइरहेको छ भने साउदी अरबको दमामबाट पनि उडान अनुमति प्रक्रियामा रहेको जानकारी विमानस्थलका महाप्रबन्धक साहले दिनुभयो । उहाँका अनुसार चार्टरसँगै नियमित उडानलाई पनि समान रूपमा प्राथमिकता दिइनेछ । "चार्टर र नियमित दुवै उडानलाई निरन्तरता दिन हामी प्रतिबद्ध छौँ, शीघ्र नियमित उडान थप सुदृढ हुनेछ," उहाँले भन्नुभयो ।

उक्त पहलले लुम्बिनी केन्द्रित धार्मिक पर्यटन प्रवर्द्धनका साथै वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकका लागि सहजता ल्याउने विश्वास गरिएको छ । विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सके क्षेत्रीय आर्थिक गतिविधि वृद्धि हुनुका साथै समग्र पर्यटन उद्योगमा सकारात्मक प्रभाव पर्ने सरोकारवालाहरूको अपेक्षा छ । ***रासस***

# वैशाख २ गतेदेखि जुम्लामा आर्थिक गणना

जुम्ला, १८ चैत । आगामी वैशाख २ गतेदेखि असार ७ गतेसम्म जुम्लामा आर्थिक गणना हुने भएको छ । आर्थिक गणना कार्यालयका अनुसार गणनाका लागि १७ जना गणक र तीन जना सुपरीवेक्षक परिचालन गरिने छन् ।

आर्थिक गणना कार्यालयका प्रमुख दीपेन्द्रसिंह धामीका अनुसार जिल्लामा दर्ता भएका कृषि, वन तथा माछापालनसँग सम्बन्धित उद्योगसहित विभिन्न प्रतिष्ठानको विस्तृत विवरण सङ्कलन गरिने छ ।

आर्थिक गणना २०७५ को तथ्याङ्कअनुसार जिल्लामा एक हजार ५६९ व्यापारिक प्रतिष्ठान, एक हजार २४६ सेवा प्रतिष्ठान र २६३ उद्योग प्रतिष्ठान सञ्चालनमा छन् ।यहाँका आठवटा स्थानीय तहमध्ये चन्दननाथ नगरपालिकामा सबैभन्दा बढी एक हजार ५८ उद्योग दर्ता छन् । गुठिचौर गाउँपालिकामा सबैभन्दा कम २१० उद्योग दर्ता छन् ।

यसैगरी, कनकासुन्दरीमा ३७४, तिलामा ३५८, पातारासीमा ३०८, सिँजामा २९२, तातोपानीमा २६७ र हिमामा २११ प्रतिष्ठान रहेको आर्थिक गणना कार्यालय प्रमुख धामीले बताउनुभयो । यसपटक जुम्लामा वास्तविक र अद्यावधिक आर्थिक अवस्था झल्काउने गरी गणना गरिने जिल्ला आर्थिक गणना कार्यालय जुम्लाले जनाएको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

# नौ लाख ठगीको अभियोगमा दुई जना पक्राउ

काठमाडौँ, १८ चैत । हिरासतमा रहेका मानिसलाई धरौटीमा छुटाइदिने भन्दै रु. नौ लाख ठगी गरेको अभियोगमा जिल्ला प्रहरी परिसरले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौँ बूढानीलकण्ठ नगरपालिका मण्डिखाटारस्थित हलेसी महादेव मार्गभित्र बस्ने ४५ वर्षीय हरिबहादुर थापामगर तथा सोही ठाउँकी ३७ वर्षीया मिठु मगर भन्ने अनिता थापामगर रहेका जिल्ला प्रहरी परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा आपराधिक क्रियाकलापमा संलग्न रही हाल कारागार कार्यालय सुन्धारामा पुर्पक्षका लागि थुनामा रहेका तीन जना प्रतिवादीलाई थुनामा रहँदाका बखत निज हरिबहादुर थापामगरले सर्वोच्च अदालतमा आफ्नो चिनजानको न्यायाधीशलाई भनसुन गरी निजहरूलाई धरौटीमा छुटाइदिन्छु, धरौटीबापतको रकम दिनुपर्छ भनी आश्वासन दिई धरौटीबापतको रकम र वकिललाई बहस खर्च भनी निजको श्रीमती मिठु मगर (अनिता थापामगर)को खातामा रु. नौ लाख जम्मा गर्न लगाई ठगी गरेको अभियोगमा पक्राउ गरिएको हो ।"

निजहरू दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो । ***रासस***

# जुम्लामा सुक्खा पहिरो खस्दा तीन घरमा क्षति : सहयोग कतैबाट उपलब्ध भएन

जुम्ला, १८ चैत । हिमा गाउँपालिका-६ स्थित खल्दुङ्गा गाउँमा सुक्खा पहिरो खस्दा तीन घरमा क्षति गरेको छ । मङ्गलबार खसेको पहिरोले उक्त वडाका स्थानीयवासी ललिजङ्ग अधिकारी र बुच्चो अधिकारीको घर पूर्ण रूपमा नष्ट भएको छ ।

त्यसैगरी, स्थानीय नरजङ्ग अधिकारीको घर आंशिक रूपमा क्षतिग्रस्त भएको हिमा-६ वडाध्यक्ष उपराज अधिकारीले जानकारी दिनुभयो । पहिराले घरमा क्षति गरेका विस्थापित पीडितका घरपरिवार अहिले गाउँका स्थानीयवासीको घरमा बसेका छन् । वडाले राहतका लागि गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारदेखि विभिन्न सङ्घसंस्थालाई अनुरोध गरे पनि सहयोग अहिलेसम्म नमिलेको वडाध्यक्ष अधिकारीको भनाइ छ ।

यसअघि २०७९ साल असोजमा आएको अविरल वर्षाका कारण पनि सोही गाउँका छवटा घर पहिरोले बगाएको थियो । तर, त्यसबेला पनि पीडितहरूले पर्याप्त राहत पाउन नसकेको वडाध्यक्षको गुनासो छ । ***रासस***

# बर्डफ्लु सङ्क्रमण फैलिन थालेपछि सुनसरीमा १९ हजार कुखुरा नष्ट

इनरुवा (सुनसरी), १८ चैत । जिल्लाका विभिन्न स्थानीय तहमा किसानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको छ । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र इनरुवाका प्रमुख डा. मनोजकुमार महतोका अनुसार सदरमुकाम इनरुवासहित जिल्लाका विभिन्न स्थानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको हो ।

इनरुवा नगरपालिका-२ कुसुमगाछीमा सुमनकुमार राईले पालन गरेका ब्रोइलर कुखुरामा सङ्क्रमण देखिएको उहाँले जानकारी दिनुभयो । इटहरी-१६ स्थित सुमन गोविन्द श्रेष्ठले पालेका स्थानीय जातका कुखुरा र हाँसमा पनि बर्डफ्लू सङ्क्रमण पुष्टि भएको डा. महतोले बताउनुभयो । जिल्लाका विभिन्न ठाउँमा कुखुरा फार्म परीक्षण गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट रोग पुष्टि गरेसँगै नियन्त्रणका उपाय तीव्र पारिएको उहाँले बताउनुभयो ।

सङ्क्रमण फैलिन नदिन फार्म वरपरको क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ भने अन्य कुखुरा फार्ममा पनि निगरानी कडा गरिएको डा. महतोले जानकारी दिनुभयो । कुखुरामा असामान्य लक्षण देखिएमा तुरुन्त सम्बन्धित निकायलाई जानकारी गराउन तथा बाह्य सम्पर्कबाट कुखुरालाई जोगाउन किसानलाई आग्रह गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार जिल्लामा हालसम्म शङ्कास्पद लागेका १४ वटा फार्मबाट १९ हजार ३६५ कुखुरा नष्ट गरिएको छ । ***रासस***

# उदयपुरमा एक हजार एक सय हेक्टरमा चैते धान रोपियो

गाईघाट (उदयपुर), १८ चैत । जिल्लाका विभिन्न भागका एक हजार १०० हेक्टरमा चैतेधान रोपिएको छ ।

जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सङ्गीता ज्ञवालीका अनुसार जिल्लामा एक हजार ५०० हेक्टरमा हरेक वर्ष चैते धान रोपिने गरेको छ । बाँकी ४०० हेक्टरमा पनि यसै महिना रोपाइँ पूरा हुने देखिएको उहाँले राससलाई बताउनुभयो । "खेतमा धमाधम रोपाइँ भइरहेकाले यसै महिना पूरा हुने ठानेकी छु," उहाँले भन्नुभयो ।

जिल्लाका आठ पालिकामध्ये सबैभन्दा धेरै चैते धान उदयपुरगढी र रौतामाई गाउँपालिकामा भएको छ । ताप्ली गाउँपालिका, कटारी, त्रियुगा र चौदण्डीगढी नगरपालिकामा चैतेधान रोपिने गरेको छ । ***रासस***



**रेन्वो ट्राउट माछापालन तथा अनुसन्धान केन्द्र**
सरकारी स्वामित्वमा रहेको रसुवाको धुञ्चेस्थित रेन्वो ट्राउट माछापालन तथा अनुसन्धान केन्द्र । *तस्बिर: ज्ञानेन्द्र न्यौपाने/रासस*

# रेन्वो ट्राउट माछापालनका लागि रसुवा वैज्ञानिक केन्द्र बन्दै

रसुवा, १८ चैत । हिमाली जिल्ला रसुवा केवल प्राकृतिक सौन्दर्य र पर्यटनको केन्द्रमात्र नभई पछिल्ला वर्षमा वैज्ञानिक कृषि अभ्यासको थलोका रूपमा पनि विकसित हुँदै गएको छ । हिमाली चिसो पानीमा आधारित माछापालन प्रविधिले अहिले नयाँ आर्थिक सम्भावनाको ढोका खोलेको हो ।

जिल्ला सदरमुकाम धुञ्चे नजिक इमरुङ क्षेत्रमा सञ्चालन भइरहेको रेन्वो ट्राउट मत्स्य अनुसन्धान केन्द्रबाट उत्पादित माछाका भुरा सुदूरपश्चिमको दार्चुलासम्म पुगेपछि हिमाली क्षेत्रको कृषि रूपान्तरणले नयाँ गति लिएको हो ।

नेपालमा परम्परागत रूपले तराई क्षेत्रमा मात्रै माछापालन हुने मान्यता थियो । हिमाली क्षेत्रमा पनि माछापालन सम्भव छ भन्ने वैज्ञानिक प्रमाण यही केन्द्रले स्थापित गरेको छ । नेपालमा रेन्वो ट्राउट माछा भित्रिएको इतिहास करिब पाँच दशक पुगिसकेको छ । विदेशी सहयोग र वैज्ञानिक परीक्षणमार्फत हिमाली चिसो पानीमा यो प्रजाति अनुकूल हुने प्रमाणित भएपछि यसको व्यावसायिक सम्भावनाको प्रमाणितसँगै रेन्वो ट्राउट माछा पाल्न थालिएको थियो । सुरुमा बोकेझुण्डाबाट सुरु गरिएको माछापालन अहिले रसुवाका दर्जनौँ स्थानमा विस्तार भइसकेको छ ।

उक्त सम्भावनालाई व्यवहारमा रूपान्तरण गर्दै २०७१ सालदेखि धुञ्चेको मत्स्य अनुसन्धान केन्द्रले व्यवस्थित रूपमा भुरा उत्पादन कार्यक्रम सुरु गरेको थियो । सुरुमा सीमित परीक्षणबाट गरिएको उत्पादन अहिले राष्ट्रियस्तरमा फैलिएको छ । हालसम्म रसुवाबाट उत्पादन भएका माछाका भुरा २७ भन्दा बढी जिल्लामा पुगिसकेका छन् ।

दार्चुलासँगै बैतडी, मुगु, जुम्ला, कालीकोट, पर्वत, रुकुमपूर्व, रुकुमपश्चिम, गुल्मी, म्याग्दी, बागलुङ, कास्की, गोरखा, धादिङ, मकवानपुर, ललितपुर, काठमाडौँको शङ्खरापुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा, सोलुखुम्बु, तेन्हथुम, ताप्लेजुङ र नुवाकोटसम्मका किसानले भुरा लैजाने गरेका केन्द्रले जनाएको छ ।

केन्द्रका वैज्ञानिक प्रमुख महेन्द्रप्रसाद भण्डारीका अनुसार किसानको मागअनुसार बिस्तारै उत्पादन अगाडि लगिएको छ । यसले हिमाली कृषि प्रणालीमा परिवर्तन ल्याएको बताउँदै उहाँले सरकार मातहतमा सञ्चालन हुँदै आएको देशको एक मात्र रेन्वो ट्राउट मत्स्य अनुसन्धान केन्द्रले अण्डा उत्पादनदेखि भुरा वितरण र प्राविधिक तालिमसम्म एकीकृत सेवा उपलब्ध गराउँदै आइएको जानकारी दिनुभयो ।

यस केन्द्रले केवल उत्पादनमात्र नभई किसानलाई वैज्ञानिक ज्ञान र सीपसमेत प्रदान गर्दै आएको छ । जिल्लाभित्रका नागुङ, बोकेझुण्डा, सोले, ठुलोभार्खु, बान्हघुम्ती, गतलाङ, गोल्जुङ र नेसिङलगायत क्षेत्रमा ट्राउट माछापालन विस्तार भइसकेको छ ।

हिमाली क्षेत्रमा रोजगारी अभावका कारण विदेश पलायन बढिरहेका बेला ट्राउट माछापालनले स्थानीय युवालाई गाउँमै अवसर सृजना गर्न थालेको छ । केन्द्रबाट उत्पादन गरिएको आँखा खुलेका ट्राउट माछाका अण्डा भुटानसम्म निर्यात हुनु नेपाली मत्स्य अनुसन्धानको महत्त्वपूर्ण उपलब्धि मानिएको छ । गत वर्ष माछाका भुरा भुटान पठाइएको मत्स्य प्राविधिकले बताएका छन् ।

उन्नत मापदण्डअनुसार उत्पादन गरिने अण्डा र भुराले मनग्य प्रतिफल दिने भएकाले किसानको आकर्षण निरन्तर बढिरहेको केन्द्रका प्रमुख भण्डारीले बताउनुभयो । स्थापनाकालमा प्रतिकिलो रु. तीन सय रहेको मूल्य अहिले बढेर रु. एक हजार पुगेको जनाउँदै उहाँले पछिल्लो समय यसको आर्थिक मूल्य र माग दुवै बढेको धारणा राख्नुभयो ।

ट्राउट माछाका भुरा उत्पादनका लागि नौदेखि ११ डिग्रीसेल्सियस तापक्रमको पानी आवश्यक पर्ने प्रमुख भण्डारीले जानकारी दिनुभयो । यो माछा पालनका लागि १४ देखि १८ डिग्रीसेल्सियस उपयुक्त मानिन्छ । धुञ्चे केन्द्रमा त्रिशूली नदीको शुद्व हिमाली पानी पाइपमार्फत एक किलोमिटरभन्दा टाढाबाट ल्याएर प्रयोग गरिएको छ, जुन वैज्ञानिक व्यवस्थापनको उत्कृष्ट उदाहरण हो ।

मत्स्य केन्द्रका लागि आवश्यक पानी व्यवस्थापन गर्न दुईवटा 'रिजर्भवायर', ठुला पोखरी तथा साना गरी ६९ वटा पोखरी निर्माण गरिएका छन् । समुद्री सतहबाट एक हजार ८५० मिटर उचाइमा रहेको यो केन्द्र हिमाली मत्स्य अनुसन्धानका लागि प्राकृतिक प्रयोगशालाका रूपमा विकसित हुँदै गएको छ ।

हाल केन्द्रमा अण्डा दिने २७५ वटा माछा तयारी अवस्थामा छन् भने आगामी वर्षमा उत्पादनका लागि आवश्यक अभिभावक माछासमेत व्यवस्थित रूपमा हुर्कँदै छन् । फिङ्गरलिङ अवस्थाका माछा पनि पर्याप्त मात्रामा पोखरीमा भण्डारण गरिएकाले आगामी वर्ष उत्पादन अझ बढ्ने अपेक्षा गरिएको छ ।

चालु आर्थिक वर्षमा मात्रै केन्द्रबाट एक लाख ११ हजारभन्दा बढी भुरा किसानलाई वितरण गरिसकिएको मत्स्य प्राविधिक विशेष कोइरालाले जानकारी दिनुभयो । पछिल्ला वर्षहरूमा ट्राउट माछाको परिकारप्रति उपभोक्ताको आकर्षण तीव्र रूपमा बढेको छ । विशेषगरी ट्राउटको झोल, फापर र मकैको ढिडोसँग खाने संस्कार लोकप्रिय बन्दै गएको छ ।

रसुवा अस्पतालका सुपरिटेन्डेन्ट डा. अमितकुमार शाहले मधुमेह, उच्च रक्तचापजस्ता बिरामीले समेत सेवन गर्न मिल्ने पौष्टिक तत्त्व माछा भएकाले खान उपयुक्त हुने बताउनुभयो । ठुलोभार्खु माछापालन तथा रिसोर्ट सेन्टरका सञ्चालक याङ्जेन तामाङका अनुसार स्वास्थ्यप्रेमी उपभोक्ताले ट्राउट माछालाई विशेष प्राथमिकता दिन थालेका छन् ।

हिमाली क्षेत्रमा आधारित कृषि प्रणालीलाई आधुनिक विज्ञानसँग जोड्ने अभियानका रूपमा यो केन्द्र विकसित भइरहेको छ । भविष्यमा यसलाई वैज्ञानिक अध्ययन, अनुसन्धान तथा प्रशिक्षण केन्द्रका रूपमा विस्तार गर्ने योजना पनि अघि बढाइएको छ ।

रेन्वो ट्राउट माछापालनले हिमाली क्षेत्रको कृषि विविधिकरणमात्र होइन, ग्रामीण गरिबी न्यूनीकरण, रोजगारी सृजना र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा उल्लेखनीय योगदान दिने अपेक्षा गरिएको छ । रसुवाबाट सुरु भएको यो माछा अब दार्चुलादेखि पूर्वका हिमाली गाउँसम्म फैलिँदै नेपालको हिमाली अर्थतन्त्रलाई नयाँ दिशातर्फ अघि बढाइरहेको जनाइएको छ । ***रासस***

# तलब नपाएपछि अरुण तेस्रो जलविद्युत् आयोजनाका कामदारद्वारा काम ठप्प

किमाथाङ्का (सङ्खुवासभा), १८ चैत । सङ्खुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको विद्युत्गृहका मजदुरले तलब नपाएपछि काम ठप्प पारेका छन् । छ महिनादेखि तलबभत्ता नपाएपछि एक हजार ५०० कामदारले काम ठप्प परेका हुन् ।

आयोजनाको विद्युत्गृह चिचिला गाउँपालिका-२ पुखुवामा कार्यरत मजदुर तथा पेटी ठेकेदारले बुधबार बिहानैदेखि काम ठप्प पारेर आन्दोलन सुरु गरेका हुन् । आन्दोलनका कारण आयोजनाको काम पूर्ण रूपमा प्रभावित भएको छ । यसको निर्माणको जिम्मा भारतीय कम्पनी पटेल इन्जिनियरिङले गरिरहेको छ । छ महिनादेखि तलब नपाएको भन्दै आजदेखि काम ठप्प पारिएको मजदुरहरू बताउँछन् ।

निर्माण कम्पनीले समयमा तलब भुक्तानीका लागि चासो नदेखाएपछि असुन्तष्टि जनाउँदै मजदुर तथा पेटी ठेकेदारले काम रोकेका हुन् । प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले आयोजनाको विद्युत्गृहका मजदुरले समयमा तलब भुक्तानी माग गर्दै आन्दोलन सुरु गरेका जानकारी पाएको बताउनुभयो । यसअघि पनि मजदुरले समयमा तलब भुक्तानीका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएपछि सम्बन्धित कम्पनीलाई जानकारी गराएको उहाँले जानकारी दिनुभयो ।

नौ सय मेगावाटको उक्त आयोजना भारतीय सतलज कम्पनीले निर्माण गरिरहेको छ । आयोजनाको ड्याम फ्याक्सिदा र विद्युत्गृह पुखुवा क्षेत्रमा कार्यरत तीन हजारभन्दा बढी भारतीय र नेपाली कामदारले काम गरिरहेका छन् । पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त आयोजनाको लागत खर्च रु. एक खर्ब २० अर्ब अनुमान गरिएको छ ।

प्रभावित परिवारलाई आयोजनाले ३० युनिटका दरले निःशुल्क विद्युत् उपलब्ध गराउने सम्झौता भएको छ । उक्त आयोजनाबाट नेपालले २५ वर्षमा ३४० अर्ब रोयल्टी, निःशुल्क बिजुली, आयकर, भ्याट र भन्सार शुल्कमा छुट प्राप्त गर्ने विकास सम्झौतासम्बन्धी पत्रमा उल्लेख रहेको प्रमुख जिल्ला अधिकारी थपलियाले जानकारी दिनुभयो । ***रासस***

। सम्पादकीय ।

# पुँजीवादी सरकारको नेतृत्व गरेर आमूल परिवर्तन नहुने

मार्क्सवादको क्रान्तिकारी धार छोडेर शान्तिपूर्ण बाटोबाटै समाजवाद ल्याउने विचार संशोधनवाद हो। पुँजीवादी व्यवस्थाको संसदभित्र पसेर या पुँजीवादी संसदीय व्यवस्थामा कुनै दलले बहुमत प्राप्त गरे पनि देशमा समाजवाद स्थापना हुँदैन। संशोधनवाद कम्युनिस्ट मजदुर आन्दोलनको पुँजीवादी विचार हो। नेपालका कम्युनिस्ट भनिने दल र दलका नेताहरूले संसद्लाई उपयोग गर्दै सरकारको नेतृत्व गरे। कम्युनिस्ट पार्टीको नेतृत्वमा पटक पटक सरकार गठन भए पनि देशमा कम्युनिस्टको सिद्धान्त र विचारअनुसार कुनै काम भएन; नीति र नियम बनेन। बरु, कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेको सरकारले बहुमत जनताको भावनाविपरीत काम गऱ्यो। व्यापक कामदारवर्गलाई सङ्गठित गरी सशस्त्र सङ्घर्षको बाटोबाटै समाजवादमा जाने उपाय नै मार्क्सवादी दृष्टिकोण हो।

जनतालाई राजनीतिक, सैद्धान्तिक र वैचारिक रूपले सचेत र सङ्गठित गर्न लाग्नुपर्ने कम्युनिस्ट पार्टी र पार्टीका नेताहरू जसरी भए पनि पुँजीवादी सरकारको नेतृत्व गर्न तम्सिए। पुँजीवादी सरकारको नेतृत्व गरेर देशमा कसरी आमूल परिवर्तन हुन्छ? क्रान्तिको उद्देश्य कसरी पूरा हुन्छ? देश र जनताको मुख्य उद्देश्य कसरी पूरा हुन्छ? देश र जनताको मुख्य उद्देश्य छोडेर दलगत र व्यक्तिगत स्वार्थमा अल्झेर स-साना तथा अल्पकालीन स्वार्थ खोज्ने काम अवसरवाद हो। देशका शासकहरू अवसरवादी भए। अवसरवादी दलको नेतृत्वमा बनेको सरकारले देश र जनताको बृहत् हित खोज्दैन; खोज्न ध्यान दिँदैन। अहिले बनेको रास्वपाको नेतृत्वमा बनेको सरकार पनि श्रमजीवीवर्गको हितको निम्ति बनेको सरकार होइन। श्रमजीवीवर्गका जनताको निम्ति बनेको सरकार नआएसम्म बहुमत जनताको हित हुनेछैन।

रास्वपाको सरकार संयुक्त राज्य अमेरिका र भारतको उठबस या इसारामा चलेको हो भने या चल्छ भने त्यो नेपाल र नेपालीको निम्ति दुर्भाग्य हुनेछ। विदेशी शक्तिराष्ट्रहरूको निर्देशनमा सरकार चले कुनै पनि बेला नेपाल र नेपाली जनतामा दूरगामी असर पर्नेछ र देशको सार्वभौमसत्तामा आँच पुग्नेछ। संयुक्त राज्य अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजी एसियामा तेस्रो विश्वयुद्ध थोपरी एसियाली देश र जनतालाई ध्वस्त बनाएर आफ्नो हैकम चलाउने खेल खेल्दै छ भन्ने सङ्केत देखा पर्दै छ। यसतर्फ वर्तमान सरकार गम्भीर हुनुपर्ने हो तर भएको देखिँदैन। सरकारको महत्त्वपूर्ण काम भनेको देश बनाउने र जोगाउने नै हो। देश जोगाउन र बनाउन कुनै पूर्वाधार तयार गरिँदैन भने देश जहिल्यै परनिर्भर भइरहने छ; देश ऋणमा डुब्ने छ; देश भ्रष्टाचारको कालोसूचीमा परिरहने छ।

अहिले विश्वका विभिन्न मुलुकमा अमेरिकी हैकम चलिरहेको छ; आक्रमण गर्न र गराउन लागेको छ। अमेरिका नेपाललाई पनि उपयोग गर्नेतर्फ उन्मुख छ। नेपाली भूमिमा रहेर, टेकेर तिब्बतमा उपद्रव मच्चाउने काम अमेरिकाले गर्न सक्दैन भन्न सकिँदैन। नेपालमा भारतीय नागरिकहरू पसिरहेझैँ तिब्बतीहरू पनि पसिरहेको खबर सञ्चारमाध्यममा आएको छ। अमेरिकाले चीनको विरोधमा नेपाली भूमिमा रहेर तिब्बतीहरूलाई उचाल्न सक्ने सम्भावना छ। अमेरिकाले युक्रेनलाई उचालेर रुसमा आक्रमण गराएको हो, इजरायललाई उचालेर इरानमा आक्रमण गराएको हो, प्यालिस्टिनमा आक्रमण गराएको हो। नेमकिपाले यसको खबरदारी पहिलेदेखि गर्दै आएको हो। नेमकिपाले विदेशी हस्तक्षेपको विरोध गरिरहँदा एमाले र माओवादी भनिने कम्युनिस्टहरूले वास्तै गरेनन्; बरु उनीहरूले नेमकिपाले विदेशी शक्ति राष्ट्रको मात्र कुरा गरे भनी विरोध गरे। भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनको क्रममा सर्वोच्च अदालत, संसद् भवन, सिंहदरबार र ठुला दलका नेताहरूको घर जलेपछि मात्रै उनीहरूले देशमा विदेशी चलखेल बढेको, विदेशी घुसपैठ भयो भनी विरोध गरे या उनीहरू बल्ल झस्के।

रास्वपाले प्राप्त गरेको मत सैद्धान्तिक, वैचारिक र सङ्गठित मत होइन। उसले सङ्गठित मत प्राप्त गरेर बहुमत प्राप्त गरेको होइन। अन्य राजनीतिक दलको सङ्गठित मत त स्थिर या निश्चित भएन भने विभिन्न राजनीतिक दलबाट आएका नेता तथा कार्यकर्ताहरूको दल रास्वपाले प्राप्त गरेको मत स्थिर रहन्छ भन्ने होइन। भ्रष्टाचारी प्रकरणका फाइलहरू खोल्नु राम्रो कुरा हो। भ्रष्टाचारीहरू दण्डित हुनुपर्छ। 'एक्सन' मा गयो भनेर दुई चार दिन र महिनाको गतिविधिको आधारमा सरकार सही बाटोमा छ भनेर हचुवा मूल्याङ्कन गर्नु पनि हतार नै हुने छ।

# मार्क्स र वर्गसङ्घर्ष : हिजो र आज

● माइकल बेली

**कार्ल मार्क्सको मृत्यु १८८३ मार्च १४ मा भयो।**


एकछिन शीतयुद्धताका हुने झूटो प्रचारबाजीलाई एकातिर थन्क्याएर हेरौँ। अनलाइनमा आउने कार्टुन संस्करणलाई पनि पन्छाएर हेरौँ। खासमा मार्क्सले जे गर्नुभयो, त्यो एकदम सरल छ। उहाँले पुँजीवादलाई नियाल्नुभयो र एक यस्तो प्रश्न गर्नुभयो, जुन प्रश्नलाई शिष्ट समाजले दबाउने गर्छ। शिष्ट समाज यो प्रश्न कसैले नसोधोस् भन्ने चाहन्छ। मार्क्सको प्रश्न एकदम सामान्य छ :

**काम कसले गर्छ र पैसा कसले लैजान्छ ?**

मार्क्सले वर्षौं वर्ष कारखाना, ज्याला, उत्पादन र आर्थिक मन्दीको अध्ययन गर्नुभयो। उहाँले जे कुरा पहिल्याउनुभयो त्यो पुस्तौँपुस्तादेखि मजदुरहरूले अन्तरमनले महसुस गर्दै आएका थिए। जसले धन उत्पादन गर्छ, ती मानिसले धनमा नियन्त्रण जमाइरहेका थिएनन्। मजदुरहरूले सडक बनाउँछन्। मजदुरले नै खानीबाट कोइला निकाल्छन्। मजदुरले मेसिन चलाउँछन्। मजदुरहरूले वस्तु उत्पादन गर्छन्।

तर, नाफा जति अन्तै जम्मा हुन्छ।

मार्क्सले यसलाई शोषण भन्नुभयो। उहाँले अपमानको रूपमा त्यो शब्द प्रयोग गर्नुभएको थिएन। बरु, यो व्यवस्था वा प्रणालीले कसरी काम गर्छ भनी देखाउन यो शब्द प्रयोग गर्नुभएको थियो। एक मजदुरले दिनमा २०० डलरको मूल्य पैदा गर्छ भने उसले ज्यालामा



८० डलर मात्र पाउँछ। बाँकी मूल्य कतै अलप हुन्छ। यो मूल्य माथि बस्ने मालिक, लगानीकर्ता र सेयरधनीको खल्तीमा चढ्छ। यसैलाई मार्क्सले अतिरिक्त मूल्य भन्नुभयो।

यो खेल एकचोटि बुझेपछि मार्क्सले लगातार बताउनुभएको अर्को कुरामा तपाइँको ध्यान जान्छ। वर्गसङ्घर्ष भनेको कार्टुनहरूमा रातो झन्डावरिपरि दौडिने मानिसहरू जस्तो कुरा होइन। यो वास्तविक हो। दिनकै मानिसले चलाउने सङ्घर्ष हो। ज्याला, भाडा, स्वास्थ्य सेवा, कामको घण्टा, युनियनका विषयमा हुने दिनदिनैको सङ्घर्ष हो - वर्गसङ्घर्ष। समाजले उत्पादन गर्ने धन कसले लग्ने भन्ने मुद्दामा हुने हानथाप हो - वर्गसङ्घर्ष।

आज तपाइँले यो सङ्घर्षलाई जति स्पष्ट देख्नुभएको छ। त्यति नै स्पष्ट रूपमा १९ औँ शताब्दीमा मार्क्सले यो सङ्घर्ष देख्नुभएको थियो।

मजदुरहरूले स्वास्थ्य उपचारका लागि पैसा छैन भने। तर, युद्ध गर्न जहिल्यै पैसा हुन्छ। शिक्षकहरूले आफ्नो बजेट एकदम कसिलो छ भने। तर, ठुला कम्पनीहरूले जहिल्यै कर छुट पाउँछन्। साना समुदायहरूले विकासमा एकदम तौलेर खर्च गर्छन्। तर, अर्बपतिहरूले देशको सम्पत्तिभन्दा बढी धन थुपार्छन्।

यो खेल वास्तविक जीवनमा पनि हेर्नु छ भने मोन्टाना राज्यका मानिसले आफ्नो सहर छोडेर अन्त जानुपर्दैन।

सन् १९०० को पहिलो दशकमा मोन्टानाको ब्युट क्षेत्रमा रहेको तामा खानीमा निकै काम हुन्थ्यो। यो अमेरिकाको सबैभन्दा खतरनाक औद्योगिक क्षेत्र थियो। तामाका खानीहरू एउटा शक्तिशाली कम्पनीको हातमा थिए। कम्पनीको नाम थियो - एनाकोन्डा तामाखानी कम्पनी। मोन्टानाको अर्थतन्त्र र राजनीतिमा यही कम्पनीको दबदबा थियो। खानी खन्नेहरूले दिनको अधिकांश समय जमिनमुनि विषालु धुलो, गुफा र बम विस्फोटबिच बिताउँथे। उनीहरूको परिश्रमले खानीमाथि अकुत धन जम्मा हुन्थ्यो।

त्यसपछि ठुलै आँधी आयो। राज्यभरि आक्रोशको आगो बल्यो। सन् १९१७ मा 'स्पेक्युलेटर खानी' कम्पनीमा भएको दुर्घटनामा १६८ खानी खन्नेहरू मारिए। यो दुर्घटना अमेरिकी इतिहासकै सबैभन्दा ठुलो विपद् थियो। वर्षौं देखि मजदुरहरूले सुरक्षित कार्यस्थलको माग गर्दै आएका थिए। दुर्घटनापछि ठुलो मजदुर आन्दोलन चर्कियो। उनीहरूले विभिन्न मजदुर सङ्गठन बनाए। तीमध्ये एउटा थियो 'विश्वका औद्योगिक मजदुरहरू' नामक सङ्गठन। मजदुरहरूले विलासी जीवन मागेका थिएनन्। उनीहरूले 'अरूको नाफाको लागि हामी जमिनमुनि पुरिएर मर्दैनौँ' भनेका थिए।

शक्तिशाली तप्काले तुरुन्तै जवाफ फर्कायो। मजदुर सङ्गठकहरूलाई सताउन थालियो। मजदुर नेताहरूलाई जेलमा थुनियो। कतिपय नेताको हत्या पनि गरियो। तीमध्ये सबैभन्दा कुख्यात घटना थियो मजदुर सङ्गठक फ्राङ्क लिटलको हत्या। उनले खानी कम्पनी र युद्धबाट नाफा कमाउने खेलको निन्दा गरेका थिए। त्यही भएर सन् १९१७ मा ब्युट इलाकामा उनको कुटीकुटी मारियो।

मजदुर र सत्ताबिच लडाइँ खानीहरूमात्र भएको थिएन। सडकमा पनि यो लडाइँ देखियो।

सन् १९०० को पहिलो दशकमा 'विश्वका औद्योगिक मजदुरहरू' नामक सङ्गठनका सदस्यहरूले मोन्टानाको मिसुला सहरमा वाक् स्वतन्त्रताको लागि लगातार सङ्घर्ष गरे। त्यो बेला स्थानीय अधिकारी र उद्योगपतिहरूले सडकमा हुने कोणसभा गरेर बोल्न नपाइने नियम बनाए। उनीहरूले मजदुरहरूलाई सङ्गठित हुनबाट रोक्न बोलीमा बन्देज लगाए। मजदुरहरूले त्यो बन्देज तोडेर जवाफ दिए। उनीहरू पालैपालो साबुन प्याक गर्ने ठुला बाक्साहरूमा चढ्थे र बोल्थे। उनीहरूले ज्याला, शोषण र मजदुरहरूका हकहितबारे बोले।

प्रहरीले दर्जनौँ मजदुरहरूलाई पक्राउ गऱ्यो।

मजदुरहरूको सङ्ख्या बढ्दै जाँदा जेलखानाहरू टनाटन भए।

कतिपय मजदुरलाई निर्घात कुटियो। कसैलाई खुट्टा टेक्ने ठाउँ नभएका कोठाहरूमा कोचियो। तर, प्रहरीको धरपकडले मजदुरहरूलाई चनाखो मात्र बनायो। उनीहरू आफ्नो लक्ष्यप्रति झन् कटिबद्ध भए। अन्त्यमा नगर प्रशासन झुक्नुपऱ्यो। मजदुरहरूले फेरि सार्वजनिक रूपमा बोल्ने अधिकार पाए।

पश्चिमा अमेरिकामा वाक् स्वतन्त्रताका लागि भएका सुरुका सङ्घर्षहरूमा पर्छ त्यो लडाइँ। यहाँ वाक् स्वतन्त्रता सिधै मजदुर आन्दोलनले ल्याएको थियो।

मोन्टानामा यसरी भएको थियो - वर्गसङ्घर्ष।

दशकौँसम्म एनाकोन्डा तामाखानी कम्पनीले पूरै मोन्टाना राज्यको राजनीतिलाई नियन्त्रणमा राखिरह्यो। त्यो बेला मानिसहरू ठट्टा गर्दै भन्थे रे, "चिहानबाहेक सबथोकको मालिक कम्पनी हो।" पत्रपत्रिका, सांसदहरू र नीतिनियम सबै कम्पनीको पक्षमा थिए। सबैले कम्पनीको सत्ताको रक्षा गर्थे। मजदुरहरू मात्र लडाइँमा थिए। उनीहरू युनियन बनाउने अधिकार, ज्यालावृद्धि र सुरक्षित कार्यस्थलका लागि लड्थे।

अब हामी सिधै आजको संसारमा फर्कौं। आज पनि वर्गसङ्घर्षको स्थिति उस्तै छ। मोन्टानाको मिसुला सहरमा आवासको अधिकारका लागि सङ्घर्ष चलिरहेको छ। लगानीकर्ताहरूले आवासमा लगानी बढाएसँगै घरभाडाको दर एकाएक बढेको छ। यसको मार श्रमजीवी जनतामा परेको छ। आज पनि ज्यालावृद्धि, स्वास्थ्य उपचार र सरकारी सेवाका लागि लडाइँ चलेकै छ। राजनीति गर्ने नेताहरूले धनाढ्यहरूलाई कर छुट दिन्छन्। तर, 'शिक्षक, नर्स र कामदारका जहानपरिवारलाई छुट खोइ' भनी सोध्दा नेताहरू 'समुदायलाई दिन पुगिसरि पैसा छैन' भन्छन्।

हामी अर्को शताब्दीमा बाँचिरहेका छौँ। तर, लडाइँ उहीं छ।

यी अन्तर्विरोधहरूको आविष्कार मार्क्सले गर्नुभएको होइन। उहाँले त 'यस्तो अन्तर्विरोध छ है' भनेर देखाइदिनुभएको मात्र हो।

त्यही भएर मरेको एक शताब्दी बितिसक्दा पनि मानिसहरूले उहाँबारे कुराकानी गर्छन्। मार्क्सले सर्वसाधारण जनतालाई एउटा खतरनाक प्रश्न गर्न सिकाउनुभयो - समाजको यो ढाँचाबाट कसलाई फाइदा हुन्छ?

जनताले यो प्रश्न गर्न थालेपछि कुराकानी अन्तै मोडिन्छ। मार्क्सको निधन भइसक्यो। तैपनि, यो प्रश्नले शक्तिशाली तप्कालाई चैनले बस्न दिएको छैन। एउटा प्रेतले झैँ उनीहरूलाई यो खतरनाक प्रश्नले सधैँ सताइरहेको हुन्छ।

*(स्रोत : एमआर अनलाइन। सम्यक)*

# क्यान्टन विद्रोह

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

११ डिसेम्बर १९२७ को दिन भएको क्यान्टन (क्वानचाउ) विद्रोह कम्युनिस्ट पार्टीका सदस्यहरू कामरेड चाङ ताई ले, येह तिङ र येह चिन इङको अगुवाइमा भएको थियो । कामरेड चाउ ऐन-लाइ, चू तेह, हो लुङ, येह तिङ र ल्यु पो चेङको अगुवाइमा भएको १ अगस्ट १९२७ को नानचाङ विद्रोह, कामरेड माओ त्सेतुङको अगुवाइमा भएको ९ सेप्टेम्बरको शरद् बाली काट्ने विद्रोह र क्यान्टन विद्रोहले चिनियाँ कम्युनिस्ट पार्टीको क्रान्तिकारी लडाइँ र जनसेना निर्माण गर्ने स्वतन्त्र नेतृत्वको सुरुवातलाई जनाउँछ ।


१९२६ मा चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा साम्राज्यवादीहरूबाट समर्थित उत्तरी युद्ध सर्दारको विरोधमा गरिएको क्रान्तिकारी युद्धले एकपछि अर्को विजय पायो । क्रान्ति विजयपूर्वक अगाडि बढ्दै गइरहँदा साम्राज्यवादका पिछलग्गू च्याङ काइ-सेक र वाङ चिङ वईले क्रान्तिलाई १९२७ को अप्रिल र जुलाईमा अचानक धोखा दिँदै गए । फलस्वरूप असङ्ख्य कम्युनिस्टहरू र क्रान्तिकारी जनता हत्या गरिए र ठुलठुला विजय पाइसकेको महान क्रान्ति असफलतामा टुङ्गियो ।

यस्तो सङ्कटको अवस्थामा चिनियाँ कम्युनिस्ट पार्टीले सशस्त्र प्रतिक्रान्तिको विरोधमा सशस्त्र क्रान्ति चलाउने निर्णय गर्यो । क्यान्टन विद्रोह १९२७ देखि १९२९ बिच भएको एक सयभन्दा बढी विद्रोहहरूमध्ये एक हो ।

सशस्त्र सेनाहरूले भाग लिएका विद्रोहहरूमा अफिसरहरूको तालिमे सेना, नयाँ सङ्गठित रक्षा रेजिमेन्ट र सशस्त्र पुलिसको एक भाग थियो । कामरेड येह चिन-इङको मातहतमा रहेको अफिसरहरूको तालिमे सेना हाम्रो पार्टीको नियन्त्रणमा रहेको सशस्त्र शक्ति थियो । च्याङ काई सेक र वाङ चिङ वईले क्रान्तिलाई धोखा दिएपछि त्यो सेना उहानबाट क्यान्टन गयो । रक्षा रेजिमेन्टले पनि क्रान्तिसँग सहानुभूति राख्यो ।

त्यसबेला प्रतिक्रियावादी शक्तिहरूको शासनमा रहेको क्यान्टन एक अराजक अवस्थामा थियो । सत्ता र व्यक्तिगत फाइदाको निम्ति कोमिनताङ प्रतिक्रियावादीहरू आपसमा लुछाचुँडी गर्दै नसुल्झने झगडामा फस्दै थिए र तिनीहरूका सबै शक्तिहरू लडाइँको मैदानको निम्ति क्यान्टन छोडिसकेका थिए । त्यो युद्ध सरदारहरूको बिचमा लगातार लडाइँ भइरहेको अवस्था थियो ।

यसले सशस्त्र विद्रोहको एक राम्रो मौका दिएको थियो । २८ नोभेम्बर १९२७ मा पार्टी केन्द्रीय समितिको निर्देशनअनुसार क्वाङतुङ प्रान्तीय पार्टी समितिले क्यान्टनमा मजदुर, किसान र सिपाहीहरूको सशस्त्र विद्रोह सुरु गर्ने निर्णय लियो । कामरेड चाङ ताइले सर्वोच्च सेनानायक (कमान्डर इन चिफ) को रूपमा एक सङ्घर्ष समिति र एक केन्द्र स्थापना गरे । त्यसमा धेरै मजदुर सङ्गठनहरू एक भएर मजदुरहरूको लालरक्षकहरूमा सङ्गठित भए र गुप्त रूपले आफूलाई सशस्त्र पारे । लालरक्षकहरू ७ वटा मिलेर बनेका दलहरू थिए र कामरेड स्यु स्याङ-चेन ६ वटा संयुक्त दलहरूको कमान्डर थियो । पार्टीको कोसिसबाट सैनिक कार्यकर्ताहरूको एक ठूलो सङ्ख्या र क्यान्टन र हङकङका हडताली




मजदुर रक्षा रेजिमेन्टलाई हाम्रो पार्टीको नियन्त्रणमा राख्न गुप्त रूपले पठाइए ।

७ डिसेम्बरको दिन गुप्त रूपले सङ्घर्ष समितिको बैठक बस्यो र १३ डिसेम्बरको दिन विद्रोह सुरु गर्ने निधो गर्यो । क्यान्टनमा मजदुरहरूको उँचो क्रान्तिकारी भावनाले सार्है डराएर साम्राज्यवादीहरू र कोमिनताङले अफिसरहरूको तालिमे दललाई निःशस्त्र पार्न, लालरक्षकहरूलाई विघटन गर्न र मजदुर सङ्घहरूलाई लुटपाट गर्ने उद्देश्यले कारबाही गर्न सुरु गरे । क्यान्टनभन्दा धेरै टाढा राखिएका प्रतिक्रियावादी सेना नगरतिर बढ्न थाल्यो । यी परिस्थितिहरूमा सङ्घर्ष समितिले १३ डिसेम्बरको सट्टामा ११ डिसेम्बरकै दिन विद्रोह सुरु गर्ने निधो गर्यो ।

११ डिसेम्बरको बिहान सबेरै कामरेड येह चिन इङको मातहतमा अफिसरहरूको तालिमे सेनाका तालिमेहरूले शत्रुको एक दलाल, मुख्य अफिसर (चिफ अफ स्टाफ) र अरु थुप्रै प्रतिक्रियावादी अफिसरहरूलाई गोली हाने । अनि तिनीहरूले एक पवित्र प्रतिज्ञा गरे र कार्यक्रमअनुसार विद्रोहलाई चालु राखे । उत्साहपूर्वक खुसी हुँदै र क्रान्तिकारी रातो झन्डालाई माथि उचाल्दै लडाइँमा भाग लिन तिनीहरू सहरको केन्द्रमा बढ्न थाले । त्यही समयमा मजदुरहरूको लालरक्षकहरूले नगरका विभिन्न भागहरूमा योजना गरिएको तारोहरूमा हमला गर्न थाले । प्रतिक्रियावादी अफिसरहरू र सिपाहीहरूको एक भागलाई निःशस्त्र पारिसकेपछि रक्षा रेजिमेन्टले पनि विद्रोहमा भाग लिए । एक घण्टापछि विद्रोही सेनाहरूले प्रतिक्रियावादीहरूको सबभन्दा बलियो गढ जनसुरक्षा ब्युरोलाई कब्जा गरे तथा त्यहाँ सोभियत सरकार (कम्युनिस्ट सरकार-अ.) स्थापना गरे ।

अफिसरहरूको तालिमे सेनाका शक्तिहरूको एक भागले नजिकैको शत्रु सेनामाथि हमला गर्यो र निःशस्त्र पार्यो । त्यसैबेला अरु विद्रोही सेनाहरूले नगरको विभिन्न जिल्लाहरूको कोमिनताङ पार्टी र सरकारी सङ्गठनहरू कब्जा गरे । २ घण्टाभन्दा अलि बढी समयमै यसरी नगरको ठुलो भाग कब्जा गरियो । 'क्रान्तिविरोधी कोमिनताङ - मुर्दावाद' जस्ता नाराहरू लेखिएको रातो कपडाका पताकाहरू सबै सडकहरूमा झुण्ड्याइए ।

क्यान्टन विद्रोहले देशभित्र र बाहिरका दुवै ठाउँमा प्रतिक्रियावादीहरू तर्सिन थाले । तुरुन्तै तिनीहरू क्यान्टनमाथि धावा बोल्न जम्मा हुन थाले । बेलायती र संयुक्त राज्य अमेरिकी साम्राज्यवादीहरूले जहाजमा बमवर्षा गर्न आफ्ना तोपे डुङ्गाहरू पठाए र धावा बोल्न तिनीहरूमा पानीभित्र चल्ने जहाजहरू बिसाउन थाले । साम्राज्यवादी युद्धपोतहरूको मद्दतले नगरमा बाँकी रहेका क्रान्तिविरोधी सेनाले भयङ्कर जवाफी हमला गर्यो । विद्रोही सेनाले बहादुरीपूर्वक सङ्घर्ष गर्यो तर धेरै बलियो शत्रु सेनाको अगाडि तिनीहरूले १३ डिसेम्बरको दिन नगरको मुख्य ठाउँलाई खाली गर्नुपर्यो ।

क्यान्टन विद्रोह असफल भए पनि क्रान्तिको सङ्कटको घडीमा निर्दयी क्रान्तिविरोधी शक्तिहरूको विरोधमा यसले क्रान्तिकारी जनताको एक सक्रिय र वीरतापूर्ण प्रत्याक्रमणलाई प्रदर्शन गर्यो । क्यान्टनबाट पछि हटेका विद्रोही सेनाको केही भाग क्वाङतुङ र क्याङसीको गाउँले इलाकाको किसान सशस्त्र शक्तिहरूसँग मिल्यो । तिनीहरूले क्रान्तिकारी सङ्घर्ष चलाइराख्न क्रान्तिको बीउलाई व्यापक गाउँले इलाकामा छरिदिए ।

***पेचिङ रिभ्यू,***
***१२ अगस्ट १९७७, नं. ३३***

# मानवताविरुद्ध अमेरिका-इजरायल युद्ध

**• यारा हवारि**

गाजाको अमेरिकी-इजरायली नरसंहारी अराजकता र क्रूरता अब विश्वका अन्य भागहरूमा फैलिएको छ ।

हामी मानवताविरुद्धको युद्ध देखिरहेका छौँ । यो कसैलाई अतिरञ्जित लाग्न सक्छ, तर त्यस्तो होइन । विश्वभरि के भइरहेको छ त्यो पृथक घटना वा सङ्कटहरूको श्रृङ्खला होइन । यो मानवतालाई टिकाउने अन्तर्राष्ट्रिय प्रणालीहरूविरुद्ध क्रूर बल प्रयोग गरेर गरिएको समन्वित आक्रमण हो । यहाँ लक्ष्य भनेको एउटा त्यस्तो विश्व व्यवस्था हो जसले चुपचाप 'शक्ति नै भक्ति' भन्ने अभ्यास मात्र गर्दैन तर गर्वका साथ यसको घोषणा गर्दछ ।

तैपनि, हामी यस क्षणलाई यो नबुझी बुझ्न सक्दैनौँ कि प्यालेस्टिन - एक ठाउँ र सङ्घर्ष दुवैको रूपमा - यसको केन्द्रबिन्दुको रूपमा देखापरेको छ ।

गाजामा अक्टोबरमा भएको युद्धविरामले दैनिक कार्पेट बमबारी, गोलाबारी, ड्रोन हमला र लक्षित स्नाइपर फायरबाट केही राहत प्रदान गरे पनि, आकाशबाट प्यालेस्टिनीहरूमाथि घातक हिंसाको वर्षा जारी छ । सम्झौताको उल्लङ्घन गर्दै, इजरायली शासनले गाजापट्टीमा सहायता र खानाको प्रवेशमा पनि कडा प्रतिबन्ध लगाइरहेको छ ।

इजरायली सेनाले गाजालाई आधा भागमा तथाकथित पहेँलो रेखा उत्तरदेखि दक्षिणसम्म बनाएर विभाजित गरेको छ जसले गाजाको नरसंहार अघिको ५० प्रतिशतभन्दा बढी क्षेत्र ओगटेको छ । अस्थायी मानिएको यो रेखाले वास्तविकतामा स्थायी जनसाङ्ख्यिकीय पुनर्गठनको संयन्त्रको रूपमा काम गर्छ ।

यो दैनिक हिंसा युद्धविरामपछिको व्यवस्थासँग आकस्मिक होइन - यो यसको लागि संरचनात्मक छ । त्यसकारण, यो व्यवस्था के हो भन्नेबारेमा हामी सटीक हुन आवश्यक छ । यो नरसंहारको एक नयाँ चरण हो - जसले इजरायली शासनलाई दिशा बदल्न अनुमति दिन्छ र तेस्रो राज्यहरूलाई प्रगति दाबी गर्न सक्षम बनाउँछ, जबकि गाजामा प्यालेस्टिनीहरूको लागि मूल वास्तविकता धेरै हदसम्म अपरिवर्तित नै छ ।

निस्सन्देह, यो क्षण इजरायली शासनको 'ग्रेटर इजरायल' लाई अस्तित्वमा ल्याउने योजनाको शिखर हो - एउटा बाइबलीय परियोजना जसमा इजरायल जोर्डन, लेबनान, इराक र साउदी अरेबियाका केही भागहरूमा विस्तार गरिनेछ ।

गाजाको विनाश, पश्चिमी किनारको ठुलो भूभागको कब्जा, दक्षिणी लेबनानमा आक्रमण र अब इरानमाथिको बमबारीले त्यो योजनालाई साकार पार्ने बाटो खोल्छ । अन्तर्राष्ट्रिय कानुनको स्पष्ट उल्लङ्घनको बाबजुद थोरै परिणाम र थोरै प्रतिवादका सहित, इजरायली शासनले अब महसुस गरेको छ कि आफूले चाहेअनुसार काम गर्न र जे चाहन्छ त्यही गर्न उसले कल्पना गरेको भन्दा बढी स्वतन्त्रता छ ।

यद्यपि, यसमध्ये कुनै पनि कुरालाई यो सम्भव बनाएको कुराबाट अलग्गै बुझ्न सकिँदैन - संयुक्त राज्य अमेरिका र युरोपेली राज्यहरूबाट इजरायली शासनको लागि लगभग आठ दशकको अभूतपूर्व कूटनीतिक, आर्थिक र सैन्य कभरेज । इजरायली सरकारले विश्वव्यापी नियममा-आधारित व्यवस्थाको आवरणलाई धजिया बनाएको बेला पनि उसलाई जवाफदेही बनाउन अस्वीकार गरिएको छ ।



*मार्च ६, २०२६ मा इजरायली हमलाका कारण बेरुतको दक्षिणी भागमा भएको विस्फोट (खलिल आशावी/रोयटर्स)*

यस प्रत्रियाको सबैभन्दा स्पष्ट पुनरावृत्तिहरूमध्ये एक नोभेम्बरमा आयो जब संयुक्त राष्ट्र सुरक्षा परिषद्ले प्रस्ताव २८०३ पारित गर्‍यो, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको गाजाको लागि २० बुँदे योजनालाई समर्थन गर्दै, जसमा शान्ति बोर्डको स्थापना पनि समावेश छ ।

यो प्रस्ताव असाधारण स्तरको राजनीतिक दबाब र जबरजस्तीका साथ पारित गरियो । यसले गाजामा प्यालेस्टिनी जनसङ्ख्यामाथि विदेशी प्रशासनिक नियन्त्रणलाई अनिवार्य गर्दछ, नरसंहार वा युद्ध अपराध वा जवाफदेहिता संयन्त्रको कुनै सन्दर्भबिना । यो वास्तवमा बहुपक्षीयताको संयन्त्रमार्फत दण्डहीनतालाई शुद्धीकरण गर्ने प्रस्ताव हो ।

त्यसबेलादेखि, ट्रम्प प्रशासनले स्पष्ट पारेको छ कि यो शान्ति बोर्डलाई विश्वव्यापी परियोजना बनाउन चाहन्छ - जसले संयुक्त राष्ट्र सङ्घलाई विस्थापित गर्ने र बहुपक्षीय शासनलाई पूर्ण रूपमा वाशिङटनप्रति उत्तरदायी संरचनाले प्रतिस्थापन गर्ने प्रयास गर्दछ । ट्रम्पको लागि स्पष्ट छ, गाजा त्यो ठाउँ हो जहाँ यो परियोजना सुरु हुनेछ तर यो त्यो ठाउँ होइन जहाँ यो समाप्त हुनेछ ।

हामीले यसलाई फैलिएको पहिले नै देखेका छौँ : भेनेजुयलाको सार्वभौमिकतामाथिको गैरकानुनी आक्रमण र राष्ट्रपति मादुरोको अपहरण; क्युवामाथिको नाकाबन्दीको तीव्रता र यसको लाडिएको भोकमरी; इरानमाथिको अवैध अमेरिकी-इजरायली युद्ध, जसलाई अझै धेरै पश्चिमी राज्यहरूले कूटनीतिक आवरण दिएका छन्; लेबनानमा इजरायलको आक्रमण, उसको भूभागका केही भागहरू पुनः कब्जा गर्ने उद्देश्यले ।

यसका साथै, हामी गाजामा भएको नरसंहारमा संलग्न कृत्रिम बुद्धिमत्ता ( Artificial Intelligence) कम्पनीहरूको उदय पनि देखिरहेका छौँ र जसको प्रविधि अब अध्यागमन र भन्सार प्रवर्तन (ICE) एजेन्सीले अमेरिकी सहरहरूका सडकमा तैनाथ गरेको छ । हामी निजी सुरक्षा क्षेत्र, निगरानी उद्योग (Surveillance Industry) र सैन्य-औद्योगिक संरचना ( Military Industrial Complex) देखिरहेका छौँ - जसको नाफा नरसंहारको समयमा चरम सीमामा थियो र अहिले इरानविरुद्धको युद्धको समयमा पुनः उचाइमा छ - सबै द्वन्द्वको माध्यमबाट विस्तार हुँदै छन् । नयाँ बजार, नयाँ प्रयोगशालाहरू र परीक्षण गर्न नयाँ जनसङ्ख्या खोज्दै छन् ।

यो क्षेत्रको लागि मात्र नभई विश्वभरका लागि पनि गहन क्षण हो । स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजले इरानमाथि आक्रमण गर्न अमेरिकालाई आफ्नो सैन्य आधार प्रयोग गर्न अनुमति दिन अस्वीकार गरेपछि ट्रम्पले स्पेनको बारेमा गरेको टिप्पणीले यही उत्कृष्टतालाई प्रदर्शन गर्छ । ट्रम्पले भनेका थिए, "स्पेनले वास्तवमा भनेको थियो कि हामी उनीहरूको सैन्य आधारहरू प्रयोग गर्न सक्दैनौँ र त्यो सबै ठीक छ । यदि हामीले चाह्यौँ भने उनीहरूको आधार प्रयोग गर्न सक्छौँ । हामी मनपरे उडेर भित्र पस्न सक्छौँ र यसलाई प्रयोग गर्न सक्छौँ ।" यसलाई ट्रम्पको बकवासको रूपमा खारेज गर्नु हुँदैन । यो सबै सार्वभौम राष्ट्रहरूको लागि चेतावनीको रूपमा लिनुपर्छ ।

बन्दरगाह र हवाई क्षेत्रमा पहुँच प्रदान गर्ने सम्झौताहरू र रक्षा सहयोग सन्धिहरूमा प्रकट हुने आत्मसमर्पण वा तुष्टीकरणले सार्वभौम राष्ट्रहरूलाई खतराबाट जोगाउने छैन - वास्तवमा, एकदम विपरीत हुनेछ । यस्ता उल्झनहरूले तिनीहरूलाई युद्धमा बाँध्छन् - अमेरिकी र इजरायली संयन्त्र बनाउँदै, सार्वभौमसत्तालाई सशर्त बनाउँदै ।

अब के स्पष्ट छ भने गाजामा सुरु भएको कुरा संसारका अन्यत्र पनि जारी छ । नरसंहारकारी अमेरिकी-इजरायली युद्ध संयन्त्र विस्तार हुँदै छ र त्यसो गरेर यसले मानवतामाथि नै युद्ध गरिरहेको छ ।

*(लेखक प्यालेस्टिनी नीति नेटवर्क अल शबाकाका सह-निर्देशक हुनुहुन्छ ।)*



बहरायनको सिट्रा टापुमा अवस्थित संरा अमेरिकाको जलसैनिक शिविरमा इरानी मिसाइल विस्फोटपछिको दृश्य मार्च ३१, २०२६ का दिन ।
*तस्बिर : राइटर्स*

# मध्यपूर्व तनाव चुलिँदै
# इरानसँगै लेबनान, इराकमा पनि आक्रमण

पेरिस, १ अप्रिल (एएफपी) । मध्यपूर्वमा जारी युद्ध एकातिर थप चर्किँदै गएको छ भने अर्कोतिर सम्भावित समाधानका सङ्केतहरू पनि देखिन थालेका छन् । इरान, इजरायल र अमेरिकाबिचको टकरावसँगै खाडी क्षेत्र, लेबनान र इराकसम्म हिंसात्मक घटनाहरू फैलिँदा क्षेत्रीय अस्थिरता गहिरिँदै गएको छ ।

बुधबार इरानको राजधानी तेहरानमा ठुलो विस्फोटका आवाज सुनिएको सरकारी प्रसारण संस्था आइआरआइबीले जनाएको छ । राजधानीका उत्तर, पूर्व र मध्य भागमा इजरायली - अमेरिकी आक्रमण भएको बताइएको छ, जसले द्वन्द्व प्रत्यक्ष रूपमा इरानी भूभागमै फैलिएको सङ्केत गरेको छ ।

यसैबिच खाडी क्षेत्रमा पनि आक्रमणहरू तीव्र भएका छन् । कुवेतको अन्तर्राष्ट्रिय विमानस्थल इरानी ड्रोन आक्रमणको निशाना बनेको त्यहाँको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ, जसका कारण इन्धन ट्याङ्कीमा ठुलो आगलागी भएको छ । बहराइनले इरानी आक्रामकताका कारण व्यापारिक संरचनामा आगलागी भएको उल्लेख गरेको छ भने साउदी अरेबियाले धेरै ड्रोन खसालिएको जनाएको छ । कतारको जलक्षेत्रमा एक ट्याङ्कर ठोक्किएको बेलायती समुद्री सुरक्षा एजेन्सीले पुष्टि गरेको छ ।

द्वन्द्वको प्रभाव केवल सैन्य क्षेत्रमा मात्र सीमित छैन । मङ्गलबार इराकको बगदादमा एक अमेरिकी पत्रकार अपहरणमा परेका छन् । संयुक्त राज्य अमेरिकाले इरान समर्थित इराकी सशस्त्र समूहले उक्त अपहरण गरेको जनाएको छ । विदेश मन्त्रालयले पत्रकारको सुरक्षाबारे चिन्ता व्यक्त गर्दै छिटो रिहाइका लागि प्रयास भइरहेको बताएको छ । मिडिया समूहहरूले अपहरणमा परेकी पत्रकार स्वतन्त्र संवाददाता शेली किटलेसन रहेको पहिचान गरेका छन् ।

यता लेबनानमा भने हिंसा अझै चर्किएको छ । राजधानी बेरुतको दक्षिणी क्षेत्रमा इजरायली आक्रमणमा सात जनाको मृत्यु भएको र दर्जनौं घाइते भएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली सेनाले हिजबुल्लाहका वरिष्ठ कमान्डरहरूलाई लक्षित गरी आक्रमण गरिएको दाबी गरेको छ । दक्षिणी लेबनानमा भएका अन्य आक्रमणहरूमा थप आठ जनाको मृत्यु भएको छ, जसमा एक प्यारामेडिक पनि रहेका छन् । विभिन्न जिल्लामा भएका आक्रमणले धेरै मानिस घाइते भएका छन् ।

आफ्नो युद्धपिपासु मनसाय छर्लङ्ग पार्दै इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले तेहरानविरुद्धको आक्रमण जारी रहने स्पष्ट पारेका छन् । उनले 'आक्रमण समाप्त नभएको' र 'इस्लामिक शासनलाई दबाउने' कार्य निरन्तर रहने बताए ।

तर, इरानका राष्ट्रपति मसुद पेजेस्कियानले भने युद्ध अन्त्य गर्न आफ्नो देश तयार रहेको सङ्केत दिनुभएको छ । उहाँले द्वन्द्व अन्त्यका लागि 'आवश्यक इच्छाशक्ति' रहेको उल्लेख गर्दै भविष्यमा फेरि युद्ध नहोस् भन्ने सुनिश्चितता खोजिएको बताउनुभयो । इरानमा एक दिनको तीव्र आक्रमणपछि आएको यस प्रतिक्रियाले अमेरिकी बजारमा सुधार ल्याएको र तेलको मूल्य घटाएको जनाइएको छ । यसै क्रममा इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सले यदि थप इरानी नेताहरूको हत्या भएमा गुगलजस्ता अमेरिकी प्रविधि कम्पनीहरूमाथि प्रतिशोध लिन सक्ने चेतावनी दिएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा पनि प्रतिक्रिया बढ्दै गएको छ । क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले लेबनानमा इजरायली कारबाहीलाई 'अवैध आक्रमण' भन्दै आलोचना गर्नुभएको छ । इजरायली कारबाहीले लेबनानको सार्वभौमिकता उल्लङ्घन गरेको उहाँको भनाइ थियो । युरोपेली सङ्घ (ईयू) ले भने बढ्दो ऊर्जा मूल्यको दबाबलाई ध्यानमा राख्दै सदस्य राष्ट्रहरूलाई इन्धनको खपत घटाउन आग्रह गरेको छ ।

यसैबिच क्याथोलिक धर्मगुरु पोप लियो चौधौँले हिंसा अन्त्यको आह्वान गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले युद्ध रोक्ने पहल गर्ने आशा व्यक्त गर्नुभएको छ । उहाँले बमबारी र हिंसा घटाउने उपाय खोजिनुपर्ने बताउनुभयो ।

# भारतमा जनगणना सुरु, नीति र राजनीति
# दुवैमा ठुलो प्रभाव पर्ने सङ्केत

नयाँदिल्ली, १ अप्रिल (एपी) । लामो समयदेखि स्थगित हुँदै आएको भारतको राष्ट्रिय जनगणना अन्ततः सुरु भएको छ । यस पटकको जनगणनाले देशको जनसाङ्ख्यिक वास्तविकतालाई नयाँ ढङ्गले उजागर गर्दै कल्याणकारी कार्यक्रमदेखि राजनीतिक संरचनासम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ । विश्वकै सबैभन्दा ठुलो जनसङ्ख्या गणनाका रूपमा हेरिएको यस अभियानले एक अर्ब ४० करोडभन्दा बढी मानिसको विवरण सङ्कलन गर्ने लक्ष्य राखेको छ ।

यसअघि सन् २०११ मा गरिएको जनगणनाले भारतको जनसङ्ख्या एक अर्ब २१ करोड रहेको देखाएको थियो । अहिले भने यो सङ्ख्या एक अर्ब ४० करोड नाघिसकेको अनुमान गरिएको छ, जसले भारतलाई विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको देशको रूपमा स्थापित गरेको छ । सन् २०२१ मै सुरु गर्ने योजना भए पनि कोभिड-१९ महामारी र व्यवस्थापकीय चुनौतीका कारण जनगणना स्थगित हुँदै आएको थियो ।

नयाँ जनगणनाको पहिलो चरण बुधबारदेखि सुरु भई सेप्टेम्बरसम्म सञ्चालन हुनेछ । यस अवधिमा खटाइएका कर्मचारीहरूले घरपरिवारको अवस्था, उपलब्ध सुविधा तथा आवाससम्बन्धी विवरण सङ्कलन गर्नेछन् । यसपटक परम्परागत घरदैलो सर्वेक्षणसँगै डिजिटल प्रविधिको प्रयोगलाई पनि जोड दिइएको छ । बहुभाषी स्मार्टफोन एपमार्फत नागरिकहरूले स्वयं पनि आफ्नो विवरण पेस गर्न सक्नेछन्, जसमा उपग्रह-आधारित म्यापिङ प्रणालीसमेत समावेश गरिएको छ ।

दोस्रो चरण सेप्टेम्बरदेखि आगामी अप्रिल १ सम्म सञ्चालन हुनेछ, जसमा व्यक्तिको सामाजिक र आर्थिक अवस्थासहित धर्म र जातिसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिनेछ । यस अभियानमा करिब ३० लाख सरकारी कर्मचारी परिचालन हुने अनुमान गरिएको छ । तुलना गर्दा, सन् २०११ मा करिब २७ लाख गणनाकर्ताले २४ करोडभन्दा बढी घरपरिवारको सर्वेक्षण गरेका थिए ।

यसपटकको जनगणनाको सबैभन्दा संवेदनशील पक्ष भनेको जातिगत विवरणको व्यापक सङ्कलन हो । भारतमा जाति प्रणाली ऐतिहासिक रूपमा गहिरो सामाजिक संरचनासँग जोडिएको छ, जसले शिक्षा, रोजगारी र आर्थिक अवसरमा पहुँच निर्धारण गर्ने गरेको छ । यद्यपि, देशमा विभिन्न जाति समूहहरूको यथार्थ जनसङ्ख्या कति छ भन्ने विषयमा अद्यावधिक तथ्याङ्क अभाव छ । अन्तिमपटक सन् १९३१ मा, औपनिवेशिक शासनकालमा, विस्तृत जातिगत गणना गरिएको थियो ।

स्वतन्त्रतापछि सन् १९५१ देखि भारतले केवल अनुसूचित जाति र जनजाति – अर्थात् दलित र आदिवासी समुदाय – को मात्र गणना गर्दै आएको थियो । पूर्ण जातिगत गणनाले सामाजिक तनाव बढाउन सक्ने आशङ्का व्यक्त गर्दै अघिल्ला सरकारहरूले यसलाई टार्दै आएका थिए । तर, अहिलेको प्रयासले नीति निर्माणका लागि आवश्यक यथार्थपरक तथ्याङ्क उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

जनगणनाबाट प्राप्त तथ्याङ्कले भारतको राजनीतिक संरचनामा पनि प्रत्यक्ष असर पार्न सक्छ । जनसङ्ख्या वृद्धिलाई आधार बनाएर संसद्को तल्लो सदन र राज्य विधानसभाहरूमा सिट सङ्ख्या पुनः निर्धारण गरिन सक्छ । सन् २०२३ मा पारित कानुनअनुसार महिलाका लागि एक तिहाइ सिट आरक्षित गरिएको छ, त्यसैले सिट विस्तार भएमा महिला प्रतिनिधित्व पनि स्वतः बढ्नेछ ।

## विश्व सङ्क्षेप

# क्रिमियामा सैन्य विमान दुर्घटना, २९ को मृत्यु

मस्को, १ अप्रिल (एपी) । रुसको क्रिमियन प्रायः द्वीपमा एक रूसी सैन्य विमान दुर्घटनाग्रस्त हुँदा चालक दलसहित सबै २९ जनाको मृत्यु भएको छ । घटनाले सैन्य उडान सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ भने प्रारम्भिक रूपमा प्राविधिक खराबीलाई दुर्घटनाको कारण मानिएको छ ।

रूसी रक्षा मन्त्रालयलाई उद्धृत गर्दै सरकारी समाचार एजेन्सीहरूले जनाएअनुसार एएन-२६ सैन्य यातायात विमानमा छ जना चालक दल र २३ जना यात्रु सवार थिए । उनीहरूको दुर्घटनामा परेर ज्यान गएको हो । विमानले नियमित उडान गरिरहेका बेला मङ्गलबार साँझ करिब ६ बजेतिर सेनाले त्यससँग सम्पर्क गुमाएको थियो ।

उक्त विमान क्रिमियन प्रायः द्वीपमाथि निर्धारित मार्गमा उडिरहेको थियो । सन् २०१४ मा रुसले युक्रेनबाट यो क्षेत्र कब्जा गरेको थियो, जसलाई अन्तर्राष्ट्रिय समुदायले अवैध मानेको छ । दुर्घटनापछि उद्धार टोली परिचालन गरिए पनि घटनास्थलमै सबैको मृत्यु भएको पुष्टि भएको छ ।

समाचार एजेन्सी इन्टरफ्याक्सका अनुसार रक्षा मन्त्रालयले प्रारम्भिक अनुसन्धानका आधारमा दुर्घटना प्राविधिक खराबीका कारण भएको जनाएको छ । विमानमा कुनै बाह्य आक्रमण वा हस्तक्षेप नभएको विश्वास गरिएको पनि मन्त्रालयको भनाइ छ ।

दुर्घटनास्थलका स्रोतहरूलाई उद्धृत गर्दै राज्य सञ्चालित तास र आरआइए नोभोस्तीले विमान चट्टानी क्षेत्रमा खसेको जानकारी दिएका छन्, जसका कारण क्षति झनै भयावह भएको बताइएको छ ।

एएन-२६ सोभियतकालीन डिजाइनमा आधारित सैन्य यातायात टर्बोप्रप विमान हो, जुन विभिन्न सैन्य र लजिस्टिक प्रयोजनका लागि प्रयोग हुँदै आएको छ ।

# जैविक विविधतामा चीनको नयाँ उपलब्धि

पेइचिङ, १ अप्रिल (सिन्ह्वा) । चिनियाँ तथा अन्तर्राष्ट्रिय वैज्ञानिकहरूको एक टोलीले चीनको भूभागलाई विश्वकै नयाँ जैविक विविधता 'हटस्पट' ( महत्त्वपूर्ण क्षेत्र) का रूपमा मान्यता दिन प्रस्ताव गरेको छ । यसले उक्त क्षेत्रको असाधारण वनस्पति विविधता र संरक्षणको आवश्यकतालाई उजागर गर्ने अपेक्षा गरिएको छ ।

उक्त अध्ययन चिनियाँ विज्ञान एकेडेमी अन्तर्गतको वनस्पति संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा अष्ट्रेलिया र बेलायतका वैज्ञानिकहरूको सहकार्यमा गरिएको हो । अध्ययन मङ्गलबार प्रतिष्ठित वैज्ञानिक जर्नलमा प्रकाशित भएको छ ।

अनुसन्धान अनुसार, करिब १५.४ लाख वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस क्षेत्रमा १४ हजारभन्दा बढी वनस्पति प्रजाति पाइन्छन् । यद्यपि, मूल वनस्पतिको करिब ७ प्रतिशत मात्र बाँकी रहे पनि यहाँ दुई हजार २४ भन्दा बढी स्थानिक वनस्पति प्रजाति भेटिएका छन्, जुन हटस्पटका लागि आवश्यक मापदण्डभन्दा निकै माथि हो ।

यी आधारमा अनुसन्धान टोलीले यस क्षेत्रलाई विश्वको ३७ औँ जैविक विविधता हटस्पट घोषणा गर्न औपचारिक प्रस्ताव गरेको छ । यदि मान्यता प्राप्त भयो भने, यो चीनको पाँचौँ यस्तो क्षेत्र बन्नेछ ।

अनुसन्धानकर्ताहरूले यस मान्यताले संरक्षण प्रयासलाई सुदृढ बनाउने, संरक्षित क्षेत्रहरूको योजना बनाउन सहयोग गर्ने तथा अन्तर्राष्ट्रिय समर्थन आकर्षित गर्ने आशा व्यक्त गरेका छन् ।

# मध्यपूर्वमा युद्धको सम्भावना थप अमेरिकी सेना पठाउँदै

न्यूयोर्क, १ अप्रिल (एपी) । अमेरिकाले मध्यपूर्व क्षेत्रमा हजारौँ थप सैनिक पठाउन थालेको छ । डोनाल्ड ट्रम्प नेतृत्वको प्रशासनले इरानसँग वार्ता प्रगति भएको दाबी गर्दै, सम्झौता नभए युद्ध अझ बढाउन सकिने चेतावनी दिएको छ ।

अमेरिकी रक्षा मन्त्री पीट हेगसेथका अनुसार, ठुलो युद्धपोत 'युएसएस जर्ज एच. डब्ल्यू. बुश' सहित विनाशकारी जहाजहरू मध्यपूर्व पठाइएका छन् । यस युद्ध समूहमा करिब ६ हजारभन्दा बढी नौसैनिक रहेका छन् ।

त्यसैगरी, ८२ औँ एयरबोर्न डिभिजनका हजारौँ सैनिकहरू पनि उक्त क्षेत्रमा पुग्न थालेका छन् । यीमध्ये केही सैनिकहरू हालै थप रूपमा पठाइएका करिब १५ सय प्याराट्रुपरहरूमा पर्छन् ।

अमेरिकी प्रशासनले ती सैनिकहरूको ठ्याक्कै भूमिका सार्वजनिक गरेको छैन । तर, ८२ औँ एयरबोर्न डिभिजन कठिन तथा जोखिमपूर्ण क्षेत्रमा हवाईमार्गबाट प्रवेश गरी महत्त्वपूर्ण स्थान र विमानस्थल नियन्त्रण गर्न प्रशिक्षित बल हो ।

यसअघि पनि करिब दुई हजार ५०० मरीन सैनिक बोकेको एक जहाज मध्यपूर्व पुगिसकेको छ भने थप दुई हजार ५०० मरीन सैनिक पठाइँदै छन् ।

रक्षामन्त्री हेगसेथले स्थलसेना पठाइने वा नपठाइनेबारे स्पष्ट नभएको बताए । उनका अनुसार, "युद्ध जित्नका लागि आफ्नो रणनीति शत्रुलाई खुलाउन हुँदैन ।"

यसैबिच, अमेरिकी सेनाको उपस्थितिले क्षेत्रमा थप तनाव सिर्जना गरेको छ । पहिलेदेखि नै ठुलो सङ्ख्यामा सैनिक तैनाथ रहेका छन् ।

अर्कोतर्फ, विश्वकै ठुलो विमानवाहक जहाज 'युएसएस जेराल्ड आर. फोर्ड' मा आगलागी भएपछि मर्मतका लागि फर्काइएको थियो । जहाजमा क्षति पुगेपछि सयौँ सैनिकहरूको बसोबास प्रभावित भएको बताइएको छ ।

सैन्य अधिकारीहरूका अनुसार, उक्त जहाजको तैनाथी अवधि असाधारण रूपमा लामो हुने सम्भावना छ, जसले नयाँ रेकर्ड कायम गर्न सक्छ ।

# बीमा छ, तर उपचार छैन सङ्कटमा नेपालको स्वास्थ्य बीमा कार्यक्रम – ३

बरुण थापा

बदनियतपूर्ण काम र इमानदार प्राविधिक त्रुटिबिचको फरक छुट्याउनुको सट्टा बोर्डले सबै अस्पताललाई एउटै डालोमा राखेर हेर्ने र सबैको भुक्तानीमा ढिलाइ गर्ने नीति अख्तियार गऱ्यो। "शिक्षण अस्पताल, वीर अस्पताल, सिभिल अस्पतालजस्ता अस्पतालका हामीले किन नक्कली दाबी पेस गर्थ्यौं र ?" सुवास आचार्य भन्छन्, "हामी त सरकारी संस्था हौं नि।" शिक्षण अस्पतालले सेवा स्थगित गर्दाका बखत त्यहाँ दैनिक ५०० देखि ६०० बीमाका बिरामीले उपचार पाइरहेका थिए भने अस्पतालले दैनिक २० देखि ३० लाख रूपैयाँको दाबी पेस गरिरहेको थियो। तर, बोर्डले ती दाबीमध्ये प्रत्येक महिना १ देखि २ करोड रूपैयाँसम्मको दाबी भुक्तानी अस्वीकृत गरिदिन्थ्यो, जुन वार्षिक रूपमा २० देखि २५ करोड रूपैयाँ हुन आउँथ्यो। अस्पतालले बिरामीको उपचार गरेर डिस्चार्ज गरिसकेको हुन्थ्यो तर त्यसबापतको सोधभर्ना भने पाउँदैनथ्यो। "बिरामीको उपचार गरियो र अस्पतालबाट डिस्चार्ज गरियो," सुवास आचार्यले यस पङ्क्तिकारसँग भने, "बिरामी घर गइसकेको हुन्छ। तर त्यो दाबी स्वास्थ्य बीमा बोर्डको खातामा पनि देखिँदैन।" त्यसपछि शिक्षण अस्पतालसँग १५ दिनको पूर्वसूचना दिएर सेवा स्थगित गर्नुबाहेक अर्को विकल्प रहेन। उनीहरूले त्यतिबेलासम्म बीमाअन्तर्गत भर्ना भएका बिरामीहरूमध्ये सबै बिरामी डिस्चार्ज नहोउन्जेलसम्म उपचार भने जारी नै राखे। यसको प्रत्युत्तरस्वरूप सरकारले लागत न्यूनीकरण गर्ने नाममा बहिरङ्ग सेवा (ओपिडी) को खर्च सीमा २५,००० रूपैयाँ तोकिदियो र सेवा लिने बिन्दुमै शुल्क लाग्ने व्यवस्था लागू गऱ्यो।

यसले दीर्घकालीन रूपमा लागत घटाउन मद्दत गर्ने रोकथाममूलक उपचारलाई निरुत्साहित गर्छ भने वार्षिक उपचार खर्च उक्त सीमाभन्दा कयौं गुणा बढी हुने दीर्घरोगीहरूलाई बिचैमा बेवारिसे छाडिदिन्छ। शम्भु आचार्य नेतृत्वको कार्यदलले बीमा कभरेज बढाएर ५ लाख पुऱ्याउन सिफारिस गरेको थियो। तर त्यसको ठीक विपरीत सरकारले यसमा कटौती गऱ्यो। काभ्रेस्थित धुलिखेल अस्पतालले भने आफ्नो सेवा रोकेन। सरकारले धुलिखेल अस्पताललाई करिब ६० करोड रूपैयाँ बुझाउन बाँकी थियो। ८ महिनासम्म एक रूपैयाँसम्म भुक्तानी नआएको अवस्थामा पनि अस्पतालले दैनिक झन्डै १५ लाख रूपैयाँ बराबरको दाबी पेस गरिरहेको थियो। काठमाडौंभन्दा पूर्वको पहाडी भेगमा सामुदायिक अस्पताल निर्माण गर्न ३० वर्षअघि अस्ट्रियाको भियना सहरको करिअर छोडेर नेपाल फर्किएका कार्यकारी निर्देशक डा. रामकठ माकाजु श्रेष्ठ यसबारे सरल शब्दमा भन्छन्, "जीवनको मूल्य हुँदैन। यो अनमोल हुन्छ। बिरामी हुनु कसैको रोजाइ हुँदैन। कोही पनि बिरामी हुन चाहँदैन।" कर्माचार्यले अस्पतालसँग अब करिब एक महिना धान्न सक्ने मात्र आर्थिक सञ्चिति बाँकी रहेको यस पङ्क्तिकारसँग बताए। सम्पूर्ण आर्थिक भार औषधि, उपकरण र उपभोग्य सामग्री उपलब्ध गराउने आपूर्तिकर्ताहरूमाथि सरेको थियो। उनीहरूले आफूले विश्वास गरेको अस्पतालप्रतिको भरोसाकै आधारमा उधारोमा सामग्री आपूर्ति गरिरहेका थिए।

आपूर्तिकर्ताहरू पनि जेनतेन बाँच्न सङ्घर्ष गरिरहेका छन्," उनले भने, "यसले गर्दा मलाई रातभरि निद्रा लाग्दैन।" धुलिखेल अस्पतालको कूल आम्दानीको ४० प्रतिशत हिस्सा बीमाबापत प्राप्त रकमले ओगटेको थियो। अब अस्पतालको अस्तित्व पूर्णतया आफ्नै खल्तीबाट पैसा तिर्ने बाँकी ६० प्रतिशत बिरामीहरू तथा अहिलेसम्म कहिल्यै आफ्नो बोलीवचन नतोडेको अस्पतालमाथि दाउ लगाइरहेका ऋणदाताहरूको सद्भावमा टिकेको छ। धुलिखेल न सरकारी अस्पताल हो, न त निजी नै। यो समुदायको स्वामित्वमा रहेको अस्पताल हो। यस अस्पतालका प्रत्येक कर्मचारीको सुरुआती दिनदेखि नै बीमा गरिएको छ, कर्मचारीका सन्तानका लागि विद्यालय स्थापना गरिएको छ भने २० प्रतिशत बिरामीलाई परोपकारी उपचार सेवा प्रदान गरिँदै आइएको छ। डा. माकजू श्रेष्ठका अनुसार तीस वर्षको इतिहासमा पैसा तिर्न नसकेको कारण एक जना पनि बिरामी उपचार नपाई फर्कनु परेको छैन। आफ्नो अनुसन्धानका क्रममा कर्माचार्यले नेपालभरका अस्पतालहरूले बीमा गरेकाहरूलाई सस्तो औषधि र खल्तीबाट पैसा तिर्नेहरूलाई प्रभावकारी औषधि बिक्री गर्ने दुई छुट्टाछुट्टै फार्मेसी काउन्टर सञ्चालन गरिरहेको तथ्य फेला पारेपछि धुलिखेलले त्यो बाटो पछ्याउन अस्वीकार गऱ्यो। "मैले औषधि उपलब्ध गराइसकेपछि उक्त औषधिले काम गर्नुपर्छ," उनले भने।

"हाम्रा सरसफाइ कर्मचारीलाई तेस्रो दर्जाको उपचार र हाम्रा प्राध्यापकहरूलाई पहिलो दर्जाको उपचार प्रदान गर्ने भन्ने हुनै सक्दैन।" तर बीमा प्रणालीले निर्धारण गरेको सोधभर्नाको दरले अस्पतालको उक्त अडानलाई आर्थिक रूपमा अव्यावहारिक बनाएको थियो। अस्पतालले सरकारी बजेटबाट तलब प्राप्त गरोस् वा एक-एक रूपैयाँ आफैं कमाओस्, निमोनिया प्याकेजका लागि १५,००० रूपैयाँ नै तोकिएको थियो। अस्पतालका मेडिकल डाइरेक्टर डा. बलराम मल्ल भन्छन्, "एपेन्डिसाइटिसको शल्यक्रियाका लागि सरकारी अस्पतालले १० हजार पाउने र हामीजस्तो अस्पताललाई पनि त्यही १० हजार मात्र दिने हो भने हामीले अस्पताल कसरी चलाउने ?" धुलिखेल अस्पताल अझै पनि यी घाटा सहेरै बसिरहेको छ। "हामी यस्ता चुनौती बेहोरिरहेका छौं," कर्माचार्यको भनाइ छ, "किनभने हामी सरकार सफल भएको देख्न चाहन्छौं।" जुम्लाबाट हेर्दा भने यस सङ्कटको परिदृश्य अलि फरक देखिन्थ्यो। डा. अरुण उप्रेती कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाडजोर्नी ( अर्थोपेडिक्स) का अध्यापक हुन्। उनी जिल्लाभरकै सीमित विशेषज्ञ चिकित्सकमध्येका एक हुन्।

त्यहाँ हेलिकोप्टरमार्फत बिरामीको उद्धार गर्दा १३ देखि १४ लाख रूपैयाँ खर्च लाग्छ। एम्बुलेन्स चढेर अस्पताल पुग्न १० देखि १२ घण्टासम्म लाग्न सक्छ। "स्वास्थ्य बीमाले यहाँका मानिसहरूको जीवनस्तरमा परिवर्तन ल्याइदिएको छ," उनले यस पङ्क्तिकारसँग भने। काठमाडौंमा भन्दा अगावै कर्णालीमा स्वास्थ्य बीमा कार्यक्रम




सुरु भएको थियो र यहाँ यसप्रतिको प्रतिक्रिया धेरै सकारात्मक थियो। राजधानीमा अपर्याप्त मानिने एक लाखको कभरेज त्यस्तो ठाउँका लागि भने वास्तविक सुरक्षा कवच हो किनभने यहाँ उपचार पाउने र केही पनि नपाउनेबिचको फरक नै यही एक लाख हो। "पैसाको अभावकै कारण अहिलेसम्म कोही पनि उपचारबाट वञ्चित हुनुपरेको छैन," उप्रेतीले भने। उनको अस्पतालले पनि बोर्डबाट करिब १ करोड रूपैयाँ लिन बाँकी थियो। तर सेवा बन्द गर्नेबारे कहिल्यै सोचेन। "यदि सेवा बन्द भयो भने बिरामीहरूसँग अर्को कुनै विकल्प नै हुँदैन। जुम्ला जिल्लाभरि यो एउटा मात्र अस्पताल हो।" तर उनको संस्थाले प्रदान गर्ने सेवामध्ये ४० देखि ५० प्रतिशत मात्र बीमाले समेट्छ। धेरैजसो उपचार प्रक्रिया र परीक्षणलाई यसको दायराबाट पूर्ण रूपमै बाहेक गरिएको छ। विगत ८ वर्षदेखि कर्मचारीको तलब वृद्धि भएको छैन।

चिकित्सकहरू आफ्नो तलबको ठूलो हिस्सा बिरामीका लागि औषधि किन्नमै खर्च गर्छन्। बीमा कार्यक्रमले गरेको वाचा र प्रणालीले उपलब्ध गराउन सक्ने सेवाबिचको खाडल पनि त्यही ठाउँमा सबैभन्दा फराकिलो छ, जहाँ यसको आवश्यकता सबैभन्दा बढी छ। "स्वास्थ्य संस्थाहरू यसलाई सञ्चालन गर्न सक्ने गरी पर्याप्त रूपमा सुदृढ एवं दक्ष छन् भन्ने कुराको सुनिश्चितताविनै बीमा कार्यक्रम सुरु गर्नु भनेको कर्माचार्यको भनाइमा, "घरको जग नबनाई छाना हालेजस्तै हो।" दाबी प्रक्रिया तत्काल जाँच गर्न सक्ने वास्तविक समयमा आधारित डिजिटल फर्स्योट प्रणाली सुरुदेखि नै आवश्यक रहेको मल्लको तर्क छ। जसको माध्यमबाट सेवा प्रदान गरेको महिनौंपछि त्रुटि पत्ता लगाउनुको सट्टा वास्तविक समयमै तुरुन्त त्रुटि औंल्याउन सकिन्थ्यो। "सरकार डायलाइसिस कभरेजको घोषणा गर्न पाउँदा मख्ख पर्छ," कर्माचार्य भन्छन्, "तर दीर्घकालीन मिर्गौला रोगको प्रमुख कारण मानिने उच्च रक्तचाप र मधुमेहको उचित परीक्षणसम्म हुन नसक्ने देशमा यस किसिमको विषय आफैंमा विरोधाभासपूर्ण छ।" अबको सवाल बीमा कार्यक्रमलाई कसरी टालटुल पारेर जोगाइराख्ने भन्ने होइन, बरु बीमामार्फत सर्वव्यापी स्वास्थ्य सेवा कार्यान्वयन हुने स्वास्थ्य प्रणाली कसरी निर्माण गर्ने भन्ने हो।

**आगामी बाटो**

मैले कुरा गरेका विशेषज्ञहरूमध्ये सबैको एउटै दृढ मत थियो– यस कार्यक्रमलाई जसरी पनि जोगाउनैपर्छ। यसको विकल्प भनेको पूर्ण रूपमा आफ्नै खल्तीबाट खर्च बेहोर्नुपर्ने स्वास्थ्य सेवामै फर्कनु हो। यसो गर्दा अति विपन्न र उपचार अनिवार्य भएका बिरामीहरू मारमा पर्छन् र परिणाम देशकै बर्बादी हुन्छ। "स्वास्थ्य बीमा कार्यक्रमबाट पछाडि फर्कने ठाउँ छैन," कर्माचार्यले पङ्क्तिकारसँग भने, "बीमा कार्यक्रमलाई सफल बनाउनु अब सरकार र सबै सरोकारवालाहरूको अनिवार्य दायित्व हो।" नेपालले गर्नुपर्ने काम अरू देशमा भइसकेको छ। जापानमा निजी पूरक बीमा भएका नागरिकले समेत अनिवार्य सार्वजनिक प्रणालीमा योगदान गर्नुपर्छ। यसबाट बाहिरिने कुनै विकल्प छैन। यदि तपाईं अन्य बिरामीसँगैको साझा वार्डको सट्टा निजी कोठा प्रयोग गर्न चाहनुहुन्छ भने त्यसमा तपाईंको आफ्नै व्यक्तिगत खर्च लाग्छ तर यसका आधारमा आधारभूत योगदान रकममा कुनै पनि किसिमको सम्झौता हुँदैन। दक्षिण कोरियाले तलबबाटै स्वत: प्रिमियम कट्टा गर्छ। अनौपचारिक क्षेत्रका हकमा ६ हप्ताभित्र बीमा रकम भुक्तानी नगरिए सरकारले सिधै बैङ्क खाताबाट रकम तान्छ। रुवान्डाले समुदायमा आधारित सम्पत्ति वर्गीकरणमार्फत ९० प्रतिशतभन्दा बढी कभरेज हासिल गरेको छ। उसले घरधुरीलाई विभिन्न तहमा विभाजन गरी सोहीअनुसार योगदान रकम तोक्ने गरेको छ।

यी देशहरूले आम्दानीमा आधारित प्रिमियम, अनिवार्य आबद्धता तथा राजनीतिक प्रतिबद्धताको उदाहरणीय अभ्यास गरेका छन्। स्वास्थ्य बीमालाई नेपालले कानुनमा त अनिवार्य गर्न पुग्यो। तर, व्यवहारमा भने कहिल्यै लागू गरेन। रिपोर्टिङका क्रममा स्वास्थ्य क्षेत्रका विभिन्न विशेषज्ञहरूबाट प्राप्त सुधारका सुझावलाई मुख्यतया तीनवटा श्रेणीमा राख्न सकिन्छ: प्रणालीको वित्तपोषण, जोखिम समूह कोष (रिस्क पूल) को निर्माण तथा सुदृढ व्यवस्थापनको सुनिश्चितता। यी सबै नेपालको संविधानको धारा ३५ ले कानुनी रूपमा प्रतिबद्धता जनाएको– नेपालका प्रत्येक नागरिकलाई स्वास्थ्यको मौलिक हक हुनेछ भन्ने लक्ष्य प्राप्त गर्ने माध्यम हुन्। पहिलो, उचित वित्तपोषणबिना यस्तो सामाजिक कार्यक्रम चल्न सक्दैन। दीर्घकालीन सुधार कार्यदलले सिफारिस गरेझैं अति गरिबहरूका लागि पूर्ण अनुदानको व्यवस्थासहित सबैका लागि तोकिएको एकमुस्ट ३,५०० रूपैयाँको विद्यमान बीमा रकम खारेज गरी ७,००० देखि १५,००० रूपैयाँसम्मको प्रगतिशील दर लागू गर्दै आम्दानीमा आधारित प्रिमियमसम्बन्धी ऐनको प्रावधानलाई अविलम्ब कार्यान्वयनमा ल्याउनुपर्छ।

दोस्रो, कार्यदलको प्रमुख वित्तीय सिफारिसबमोजिम कभरेजको सीमा एक लाखबाट बढाएर पाँच लाख रूपैयाँ पुऱ्याउनुपर्छ। यस स्तरमा पुगेपछि मात्र बीमाले बिमितलाई विनाशै गराउने स्वास्थ्य खर्च (क्याटास्ट्रोफिक एक्सपेन्डिचर) बाट सुरक्षा प्रदान गर्न थाल्छ। अझ स्थिर प्रणालीतर्फको सङ्क्रमणकालीन अवधिमा तोकिएको राजस्वमार्फत कोष जुटाउन पनि सकिन्छ। जस्तो: सुर्ती र मदिराजन्य पदार्थमा लाग्ने अतिरिक्त करको हालको ५ प्रतिशत हिस्सालाई बढाएर २५ प्रतिशत स्वास्थ्य क्षेत्रमा रकमान्तर गर्ने हो भने वार्षिक ४२ अर्ब रूपैयाँ सङ्कलन हुन्छ, जुन कार्यक्रमको सम्पूर्ण घाटा पूर्ति गरेर पनि बचत हुने रकम हो। तेस्रो, जोखिम साझेदारी कोष (रिस्क पूल) को पुनर्निर्माण गरिनुपर्छ। सदस्यता आबद्धतालाई कानुनमा मात्र नभई व्यवहारमै अनिवार्य गरिनुपर्छ। त्यसको सुरुआत प्रत्येक निजामती कर्मचारी, सैनिक एवं औपचारिक क्षेत्रका कर्मचारीको तलबबाट स्वत: रकम कट्टा गर्ने व्यवस्थाबाट गर्न सकिन्छ। व्यक्तिहरूले छल्न नसक्ने सवारीचालक अनुमतिपत्र, जग्गा दर्ता, राहदानी नवीकरण लगायतका सरकारी सेवासँग बीमा आबद्धतालाई जोड्नुपर्छ। सेना, प्रहरी र निजामती सेवाका समानान्तर योजनालाई एउटै राष्ट्रिय कार्यक्रममा गाभेर स्वास्थ्य बीमा योजनामा हुने खण्डीकरणको अन्त्य गर्नुपर्छ।

चौथो, कार्यक्रमको शासन प्रक्रिया तथा व्यवस्थापनमै परिवर्तन हुनु पर्छ। शम्भु आचार्यले प्रस्ताव गरेजस्तै बोर्ड स्वास्थ्य मन्त्रालयबाट स्वतन्त्र हुनुपर्छ भने यसलाई स्वास्थ्य, अर्थ र श्रम मन्त्रालयबिच समन्वय गर्ने स्वायत्त निकायका रूपमा पुनर्संरचना गरिनुपर्छ। सेवा प्रदान गरेको महिनौंपछि नभई तत्कालै वास्तविक समयमा भुक्तानी हुने गरी दाबी प्रक्रियालाई विद्युतीय माध्यममार्फत सुचारु गरिनुपर्छ। निश्चित दररेट भएका प्याकेजलाई वास्तविक उपचार लागतका आधारमा दाबी निर्धारण गर्ने घटना-आधारित सोधभर्ना प्रणालीले प्रतिस्थापन गर्नुपर्छ। सरकारबाट कुनै पनि अनुदान प्राप्त नगर्ने संस्था एवं सबैथोक प्राप्त गर्ने संस्थालाई एउटै दरमा सोधभर्ना प्रदान गर्नु न्यायोचित नहुने भएकाले अस्पतालको प्रकारअनुसार भुक्तानीको दर पनि फरक पारिनुपर्छ। केही सीमित संस्थाहरूले गरेको बदमासीमा प्रत्येक अस्पताललाई दण्डित गर्नुको सट्टा सुवास आचार्यले माग गरेझैं नक्कली दाबी तथा इमानदार प्राविधिक त्रुटिबिचको भिन्नता छुट्याउने संयन्त्रसहितको जालसाजी पत्ता लगाउने समुचित पूर्वाधारको विकास गरिनुपर्छ। यसका लागि माग दाबीको मूल्याङ्कन गर्न स्वास्थ्य बीमा बोर्डमा पर्याप्त कर्मचारीको व्यवस्था हुनुपर्छ। विगतमा भइसकेका आर्थिक कारोबारको भूतलक्ष्यी लेखापरीक्षण गर्न पुग्ने जनशक्ति मात्र पर्याप्त हुँदैनन्।

कर्माचार्य यस गम्भीर चुनौतीलाई तीनवटा प्रश्नको वरिपरि राखेर व्याख्या गर्छन्। पहिलो, समता– यथार्थमै बीमाको सबैभन्दा बढी आवश्यकता कसलाई छ ? तथा सबैलाई सबैथोक दिने वाचा गर्दा के हुन्छ ? दोस्रो, गुणस्तर– यस प्रणालीमा कार्यक्रमअन्तर्गत उपचार गरेका बिरामी निको भइरहेका छन् वा छैनन् भनी मापन गर्ने कुनै पनि सूचकहरू छैनन्, परिणामको कुनै समग्र सूचकाङ्क छैन, राम्रो तथा नराम्रो उपचारबिच भिन्नता छुट्याउने कुनै आधार छैन। तेस्रो हो, गति– समस्याको पहिचान गर्ने एवं त्यसको समाधानको उपाय लागू गर्ने चक्र अहिलेको भन्दा तीव्र गतिमा चल्नुपर्छ। तर उनको सबैभन्दा गम्भीर तर्क बीमा प्रणालीको प्राविधिक संरचनाभन्दा निकै परको सवालमा केन्द्रित छ। यस प्रणालीले करोडौं तथ्याङ्कको उत्पादन त गरिरहेको छ। तर, यसको निरन्तर सुधारका लागि कसैले पनि तिनको विश्लेषण गर्ने कुनै सुव्यवस्थित प्रयास गरेको पाइँदैन। रोकथाम, परीक्षण तथा प्राथमिक उपचारको गुणस्तरमा अग्रगामी लगानीविनाको बीमाले भविष्यमा महँगो उपचार खर्चलाई निम्त्याउने निश्चित छ। समग्र स्वास्थ्य प्रणालीलाई सुदृढ गर्ने विषयमा हुनुपर्ने बहस केवल वित्तपोषणको वरिपरि मात्रै अल्झिएको छ। नेपालमा पछिल्लो २५ वर्षमा २७ जना स्वास्थ्य मन्त्री फेरिएका छन्।

शम्भु आचार्यको समितिले यस किसिमको सङ्कट आउनुभन्दा पूरै एक वर्षअघि नै सुधारको विस्तृत मार्गचित्र पेस गरेको थियो। सरकारसँग काम गर्न १२ महिनाको समय थियो। तर, त्यस अवधिमा कुनै ठोस कदम चालिएन। यद्यपि वर्षौंपछि पहिलोपटक अहिले संसदीय बहुमतसहित पूर्ण पाँचवर्षे स्थिर कार्यकालको सरकार सत्तामा आउँदै छ। त्यो स्थिरता स्वास्थ्य बीमाले माग गर्ने दीर्घकालीन प्रतिबद्धतामा रूपान्तरण हुन्छ कि हुँदैन– प्रशासनिक पूर्वाधार निर्माण गर्ने, बाध्यात्मक व्यवस्था लागू गर्ने तथा सुधारका कामलाई निष्कर्षसम्म पुऱ्याउने जस्ता झन्झटिला एवं प्राविधिक रूपमा कठिन कार्य कार्यान्वयनमा आउँछन् कि आउँदैनन्, यही प्रश्नको कसीमा नयाँ सरकारको मूल्याङ्कन हुनेछ। ढिलाइ भएको प्रत्येक महिनाले यस्तो मूल्य चुकाइरहेको हुन्छ जुन बक्यौताको तथ्याङ्क वा बीमाङ्कीय प्रक्षेपणमा भने देखा पर्दैनन्, जस्तो कि– शल्यक्रियाका लागि घर धितो राखेर ऋण काढिरहेका परिवार, औषधि सकिने भयले जोगाइ-जोगाइ खाइरहेका बिरामीहरू अनि जुम्ला र सिन्धुपाल्चोकमा उपचार वा खानामध्ये एउटा मात्र छनोट गर्न बाध्य भएकाका व्यथा।

नेपालमा अन्तत: सबैका लागि सर्वव्यापी स्वास्थ्य पहुँच स्थापित गर्नु एउटा पुस्ताकै ठूलो सफलता हुनेछ। यसका लागि आवश्यक मार्गचित्र तयार छ, विशेषज्ञता उपलब्ध छ, कानुन बनाउनेहरू र प्रणाली सुधार्न सक्नेहरू अझै यहीं छन्। तर अहिलेसम्म जे कुराको अभाव छ त्यो हो- उनीहरूलाई काम गर्न दिने राजनीतिक इच्छाशक्ति। डा. मास्के भने यसप्रति सतर्कतासहित आशावादी हुने ठाउँ देख्छन्। "हामी नै यो कदम चाल्यौं– अब हामी सर्वव्यापी स्वास्थ्य पहुँचको अझ नजिक छौं," उनले भने, "राजनीतिक प्रतिबद्धता हुने हो भने बजेट जुटाउन सकिन्छ। हामीले स्वास्थ्य क्षेत्रको बजेट ४ प्रतिशतबाट बढाएर ७.२ प्रतिशत पुऱ्याएका थियौं। अहिले यो घटेर ४.९ प्रतिशतमा झरेको छ। पैसा छ। यो त केवल इच्छाशक्तिको कुरा हो।" जुम्लामा जनस्वास्थ्यको अवस्था कस्तो छ भनेर डा. उप्रेतीले एउटा यथार्थ चित्र प्रस्तुत गरे। "नेपालको ठूलो समस्या भनेको बिरामीले डाक्टरलाई विश्वास नगर्नु पनि हो," उनले भने, "बिरामीले के सोच्छ भने कतै यो डाक्टरले कमिसन खाइरहेको त छैन ? कतै उसले यसबाट कुनै फाइदा त लिइरहेको छैन ? यदि हामीले बिरामीको आफ्नै खल्तीबाट हुने खर्च घटाउन सक्यौं भने यो अविश्वास पूर्ण रूपमा हट्छ।" उनले जोड दिँदै भने, "बीमा धेरै महत्त्वपूर्ण छ। हामीले जसरी पनि यसलाई सफल बनाउनुपर्छ।"

धुलिखेल अस्पतालमा डा. रामले सरकारले भुक्तानी देला वा नदेला भन्ने कुराको पर्वाह नगरी बिरामीहरूको उपचारलाई निरन्तरता दिइरहेका छन्। "स्वास्थ्य बीमा अनिवार्य छ," उनले पङ्क्तिकारसँग भने, "तर यो एउटा गतिशील नीति हुनुपर्छ। यसबाट सिक्ने, परामर्श गर्ने, परिमार्जन गर्ने र गल्ती सच्याउने काम निरन्तर हुनुपर्छ।" उनको भनाइमा, "जर्मनीमा बीमाले दुई सय वर्षदेखि काम गरिरहेको छ तर अझै पनि त्यहाँको व्यवस्थापन टोलीले चाहेजस्तो गरी पूर्ण रूपमा काम गर्न सकिरहेको छैन। अनि हामी हाम्रो प्रणाली ५ वा १० वर्षमै पूर्ण रूपमा त्रुटिरहित चलोस् भनेर कसरी अपेक्षा गर्न सक्छौं ?" सिन्धुपाल्चोकमा भने सुकुमायाले कहिल्यै पनि बीमा स्वीकार नगरेको काठमाडौंको एउटा अस्पतालमा आफ्नो थाइरोइड परीक्षणका लागि अझै पनि नगद नै बुझाइरहेकी छन्। यस प्रणालीमा के कुरा बिग्रिएका छन् भनेर बुझाउने कुनै बीमाङ्कीय विश्लेषण वा सुधार समितिको प्रतिवेदन उनलाई आवश्यक पर्दैन। उनलाई त आफ्नो परिवारका लागि सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा चाहिएको छ। अबको मुख्य प्रश्न के हो भने नेपालका नेताहरूसँग उक्त सेवा उपलब्ध गराउनका लागि आवश्यक पर्ने स्थिरता र निरन्तरको प्रतिबद्धता होला ?

*(थापा जनस्वास्थ्य अनुसन्धाता हुन्। अमेरिकास्थित हार्वर्ड विश्वविद्यालयको ब्रिघम एण्ड विमन्स अस्पतालमा आवासीय चिकित्सा सुरु गर्न लागेका उनी काइजर पर्मानेन्टे स्कूल अफ मेडिसिनबाट डक्टर अफ मेडिसिन पूरा गर्दैछन्।)*

**समाप्त**

***- हिमाल खबर डटकमबाट***

# मध्यपूर्व युद्धका कारण विश्व अर्थतन्त्रमा अनिश्चितता

न्यूयोर्क, १८ चैत (एपी)। सन् २०२६ को सुरुमा वित्तीय बजारले सामान्य प्रदर्शन देखाइरहेको थियो। तर इरानमा सुरु भएको युद्धले बजारलाई ठूलो अस्थिरता प्रदान गरेको छ। युद्धका कारण तेलको मूल्य तीव्र रूपमा बढेको छ भने पेट्रोलियम र डीजलको मूल्यमा पनि अभूतपूर्व वृद्धि देखिएको छ।

'ब्रेन्ट क्रुड' तेलको मूल्य सन् २०२२ को गर्मी यताकै पहिलोपटक एक ब्यारेलमा १०० डलरभन्दा माथि पुगेको छ। अमेरिकी बजारमा फेब्रुअरीको अन्त्यमा ग्यासको औसत मूल्य प्रतिग्यालन ३ डलरभन्दा कम थियो। तर युद्ध सुरु भएपछि देशभरि औसत मूल्य ४ डलरभन्दा माथि पुगेको छ। डीजलको मूल्य अझ बढी बढेर ५.४५ डलर प्रति ग्यालन पुगेको छ, जुन युद्धअघि ३.७६ डलर थियो। यसले अमेरिकी उपभोक्ताको दैनिक खर्चमा ठूलो वृद्धि गरेको छ।

वित्तीय बजारमा सबैभन्दा ठूलो असर तेल मूल्यको वृद्धि र अनिश्चितताले पारेको छ। लगानीकर्ताहरू युद्ध चाँडै सकिन्छ कि लामो समयसम्म चल्ने डरमा बारम्बार आशा र चिन्तामा फेरबदल भइरहेका छन्। यसले अमेरिकी सेयर बजारमा दिनभरी तीव्र उतारचढाव ल्याएको छ।

**सेयर बजारमा प्रभाव**

सन् २०२६ को सुरुमा अमेरिकी सेयर बजारले विगत तीन वर्षको निरन्तर बढ्दो प्रवृत्ति देखाएको थियो। तर युद्धका कारण एसएण्डपी ५०० सूचकाङ्कले करिब ४.६ प्रतिशतको गिरावट देखायो, जून २०२२ पछिको सबैभन्दा कमजोर त्रैमासिक प्रदर्शन हो। टेक्नोलोजी कम्पनीहरूले भरिएको 'नास्ड्याक कम्पोजिट सूचकाङ्क' अक्टोबरको उच्चतम स्तरबाट १० प्रतिशतभन्दा बढी घट्यो।

तेलसम्बन्धी कम्पनीका शेयरहरू सबैभन्दा राम्रो प्रदर्शन गरिरहेका छन्। यसमा मुख्य रूपमा एक्सन मोबिल, ओक्सिडेन्टल पेट्रोलियम र भ्यालेरो एनर्जीका शेयरहरू छन्। बजारले युद्ध चाँडो सकिने आशा र लामो खिचिने डरबिच उतारचढाव अनुभव गरिरहेको छ।

**अनिश्चितता र भविष्यको अवस्था**

भविष्यको स्थिति अनुमान गर्न गाह्रो छ। अमेरिकी राष्ट्रपति युद्ध अन्त्य गर्ने आशा व्यक्त गर्दै र इरानको ऊर्जा पूर्वाधारमा लक्षित धम्की दिँदै छन्। इरानी पक्षले वार्तामा प्रगति भएको दाबीलाई कम महत्त्व दिएको छ। इरानले होरमुज स्ट्रेटमा नियन्त्रण कायम राखेको छ, जसबाट विश्वको तेलको पाँचौं भाग निकास हुन्छ। जबसम्म यो स्थिति कायम रहन्छ, तेल र शेयर बजारमा उतारचढाव निरन्तर रहने विश्लेषकहरूले बताएका छन्।

विशेषज्ञहरूको भनाइअनुसार युद्धले अमेरिकी र विश्व अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पार्ने सम्भावना छ। तेल र पेट्रोलियम उत्पादनमा अस्थिरता, मुद्रास्फीति, ब्याजदरमा उतारचढाव र शेयर बजारमा अनिश्चितता जारी रहन सक्नेछ।

# नेमकिपा कैलालीद्वारा मतदातालाई धन्यवादज्ञापन



कैलाली, १८ चैत। नेपाल मजदुर किसान पार्टी कैलालीले फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीलाई सहयोग गर्ने मतदाताहरूलाई धन्यवाद कार्यक्रम गरेको छ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पार्टीले निर्वाचनलाई जनताको राजनीतिक चेतनास्तर नाप्ने 'ब्यारोमिटर' को रूपमा उपयोग गर्दै आएको स्पष्ट पार्दै समाजवादी र पुँजीवादी बन्दोबस्तको फरकबारे जनतालाई सचेत गराउनु जरूरी भएको बताउनुभयो।

विश्वमा अशान्ति फैलिनुमा अमेरिकी साम्राज्यवाद प्रमुखरूपमा दोषी भएको चर्चा गर्दै उहाँले अमेरिकी साम्राज्यवादको पतन नभएसम्म विश्वका जनताले शान्तिपूर्वक बाँच्न पाउनेछैनन् भन्नुभयो।

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवम् कैलाली संयोजक रमेशकुमार रावलले निर्वाचनमा जीत हारभन्दा पनि जनतालाई कति सचेत गर्न सक्यौं त्यो नै महत्त्वपूर्ण हुने धारणा राख्नुभयो।

कार्यक्रममा नेक्राशिसङ्घका केन्द्रीय सदस्य जेबी, नेमकिपा कैलाली सचिव गगन थापामगरलगायतले बोल्नुभएको थियो।

# चैत २२ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक हुने

काठमाडौँ, १८ चैत। निर्वाचन आयोगले यही चैत २२ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने भएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ घोषणा भएपछि आयोगले गत मङ्सिर ६ गतेदेखि उक्त कार्य स्थगन गरेको थियो।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्नसक्ने व्यवस्था मिलाइएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएका नेपाली नागरिकको हकमा आयोगको प्रणालीमार्फत अनलाइन फारम भरी आफ्नो फोटो तथा औँठाछापसहितको जैविक विवरण दिन प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा उपस्थित हुनुपर्नेछ।

मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइको विवरण अद्यावधिक गर्नेलगायतका कामसमेत अनलाइन माध्यमबाट गर्न सकिने आयोगद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ।

# समानुपातिकमा विपन्न खस आर्यलाई प्राथमिकता दिन दायर रिटमा सर्वोच्चद्वारा कारण देखाउ आदेश जारी

काठमाडौँ, १८ चैत। समानुपातिक निर्वाचन प्रणालीमा विपन्न खस आर्यलाई प्राथमिकता दिन माग गर्दै दायर गरिएको रिट निवेदनमा सर्वोच्च अदालतले अग्राधिकारसहित कारण देखाउ आदेश जारी गरेको छ।

न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले आज समानुपातिक निर्वाचन प्रणालीमा विपन्न खस आर्यलाई प्राथमिकता नदिनुको कारणसहित लिखित जवाफ माग गरेको हो। सामाजिक न्यायका अभियन्ता खजान्ती महतो नुनियाँले दर्ता गर्नुभएको रिट निवेदनमा समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाली काङ्ग्रेसका अर्जुननरसिंह केसी र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट निर्वाचित पद्मा अर्यालसमेतलाई विपक्षी बनाइएको छ।

रिटमा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको व्यावहारिक कार्यान्वयन गरी सामाजिक न्यायको प्रत्याभूति दिलाउने मुख्य उद्देश्य संविधानको भएकोले आर्थिक रूपले विपन्न खस आर्यलाई प्राथमिकता दिन माग गरिएको छ।

# दासढुङ्गा र घुमाउनेमा सडक दुर्घटना हुँदा २५ जना घाइते

नारायणगढ (चितवन), १८ चैत। नारायणगढ-मुग्लिन सडकखण्डमा बुधबार भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा परी २५ जना घाइते भएका छन्। केहीको अवस्था गम्भीर रहेको जनाइएको छ।

दासढुङ्गामा आज अपराह्न ३:४० बजे बस र तेल ट्याङकर ठोक्किँदा १३ जना तथा घुमाउने क्षेत्रमा यात्रुवाहक इभी माइक्रो र टिपर ठोक्किँदा चालकसहित १२ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार दासढुङ्गामा वीरगञ्जबाट काठमाडौँतर्फ जाँदै गरेको ना ६ ख ७०३६ नम्बरको बसले सडक किनारामा रोकिएको ना ४ ख २५०३ नम्बरको तेल बोकेको ट्याङ्करलाई ठक्कर दिएको थियो। घाइतेहरूलाई तत्काल उद्धार गरी उपचारको लागि भरतपुरका विभिन्न अस्पतालमा पठाइएको छ। घाइतेमध्ये नाम, थर र वतन नखुलेका अन्दाजी ३८ वर्षीया महिला र २५ वर्षीय पुरुषको अवस्था गम्भीर रहेको तथा उनीहरू बोल्न नसक्ने अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो। दुर्घटनापछि बस र ट्याङ्करका चालक फरार रहेका छन्।

त्यसैगरी आजै घुमाउने क्षेत्रमा भएको दुर्घटनामा काठमाडौँबाट नारायणगढतर्फ आउँदै गरेको बाग्मती प्रदेश ०६-००१ ज ००९३ नम्बरको इभी माइक्रो र विपरीत दिशाबाट जाँदै गरेको ना २ क ५८८ नम्बरको टिपर ठोक्किएका हुन्।

दुर्घटनामा परेको माइक्रोमा तीर्थ यात्रामा निस्किएका महोत्तरीको किसाननगर-६ स्थित 'न्यू सरस्वती स्वावलम्बन महिला केन्द्र (नम्बर ८८)' का सदस्यहरू सवार थिए। सबै घाइतेको भरतपुरका विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार दुर्घटनामा एक जनाको अवस्था गम्भीर, नौ जनाको मध्यम र तीन जनाको सामान्य रहेको छ।

# प्यालेस्टिनी कैदीहरूलाई मृत्युदण्ड दिने कानुन खारेज गर्न इजरायललाई राष्ट्रसङ्घको आग्रह

जेनेभा, १८चैत (क्यूएनए)। मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तले इजरायले पारित गरेको प्यालेस्टिनी कैदीहरूलाई मृत्युदण्ड दिने कानुन खारेज गर्न आह्वान गर्नुभएको छ।

मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त भोल्कर टर्कले विज्ञप्तिमार्फत उक्त कानून भेदभावपूर्ण रहेको जनाउदै यसको कार्यन्वयन भएमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत इजरायलको दायित्व उल्लङ्घन गर्ने बताउनुभएको छ।

मृत्युदण्डको कानूनको संयुक्त राष्ट्र सङ्घको विरोधलाई प्रस्ट पार्दै उच्चायुक्तले यो सजायले मानवीयता हराउने र निर्दोष मानिसहरूलाई मृत्युदण्ड दिने जोखिम बढ्ने बताउनुभएको छ।

पछिल्लो समयमा इजरायलको यो कदमको कारण व्यापक अन्तर्राष्ट्रिय निन्दा खेपिरहेको छ।

# शिवपुरीमा सञ्चालित उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम सम्पन्न

काठमाडौँ, १८ चैत। राष्ट्रिय सुरक्षा साझा बुझाइ र बृहत्तर राष्ट्रिय हितबारे जानकारी दिलाउने उद्देश्यले सैनिक कमान्ड तथा स्टाफ कलेज शिवपुरीमा सञ्चालन भएको एघारौँ संस्करणको उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम बुधबार समापन भएको छ।

तालिम समापन समारोहमा प्रधानसेनापति अशोकराज सिग्देलले सहभागी प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गर्दै तालिमबाट राष्ट्रिय सुरक्षाको विषयमा साझा धारणा विकास भई समन्वय र सहकार्यमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

समारोहमा पूर्वप्रधानसेनापति, रक्षासचिव, विपद् व्यवस्थापन प्राधिकरण प्रमुख, सशस्त्र प्रहरी महानिरीक्षक, रथीवृन्द, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा पदाधिकारीहरू, अन्य सुरक्षा निकायका प्रतिनिधिलगायतको सहभागिता थियो।

राष्ट्रिय सुरक्षाको विषयमा राज्यका सम्पूर्ण संयन्त्रबिच एकीकृत कार्यसंस्कृतिको विकास गर्ने उद्देश्यले उक्त तालिम विसं २०७२ बाट सुरू भएको थियो।

**नैतिकता...**

सहयोगीहरूबाट प्राप्त रकमले निर्वाचनमा विजयी भएका थिए। २००७ सालमा भारतबाट नेपाली काङ्ग्रेस मुक्तिसेनासँगै सरकारमा पुगेको थियो र प्रचण्ड र माधव 'नेपाली कम्युनिस्ट पार्टी' पनि भारतबाट नै 'माओवादी' जनयुद्ध गरी उदय भएका हुन्।

वर्तमान सरकार पनि देशी र विदेशी व्यक्तिहरूकै नयाँ-नयाँ प्रविधिको प्रयोगसँगै राजनैतिक सहयोगबाटै जनताबाट निर्वाचित मानिन्छ तर पञ्चायत र बहुदलीय सरकारहरूका अहङ्कार जनताभन्दा माथि बस्ने प्रवृत्ति राजनैतिक र सामाजिक नैतिकताको उल्लङ्घनलाई नै आफ्नो योग्यता मानेको खण्डमा त्यस्ता तत्त्वको कारण पोखरी नै फोहोर हुने कथालाई बिर्सनु कल्याणकारी कार्य हुने छैन भन्नेबारे सबै सचेत हुनैपर्छ भन्ने हाम्रो मत छ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी भक्तपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/१२/१९ गते

भक्तपुर नगरपालिकाबाट फोहरमैला सङ्कलन तथा सफाइ कार्यको लागि आवश्यक हेभी टिप्पर (ट्रक) गाडी २ थान खरिद गर्न मिति २०८२/०९/०८ गते गोरखापत्र दैनिकमा अनलाइन बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र www.bolpatra.gov.np/egp मार्फत Online Submission भएका बोलपत्रहरू सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिबाट देहायका न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएका बोलपत्रदाता छनोट गर्न सिफारिस गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को बमोजिम ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | छनोट भएका दरभाउपत्रदाताको नाम र ठेगाना | न्युनत्तम कबोल अङ्क (भ्याटसहित) रू. |
|---|---|---|---|
| Bktmun/GOODS/NCB05/082/83 | Procurement of Right Hand Drive model six-wheeler Heavy Tipper Truck-2 Units | सिप्रदी ट्रेडिङ प्रा.लि., काठमाडौँ | 1,08,36,000.00 |

क्षयरोगबाट बचौं र बचाऔं।

- खोक्दा र हाच्छ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा